श्री प्राइममिनिष्टरका हजुरमा कपतान लालसि षतूले लेषि चह्राई पठायाको कलकतामा हुंदि गर्न्याको हुंदि पत्र बमोजिम दाम लीन्या काम गर्न्या हजुरबाट फर्माई वक्सनु भया बमोजिमका माल तलास गर्दा सिपाही क्याप्वाल बन्दुक २ सये नालदेखि बढता कलकत्तामा छैन । त्यो पनि १ के रु ३६ देखि कम् दिदैनन् पत्थर हजार १ लाई रु ३।।। ८ दरले अधि ताछ लेख्याभन्दा किफायेत गरि ३ लाख लीन्या काम गर्न्या पैगुका वा दर क्याहहरू लीन्या काम गर्न्या सिपाहिवाला बन्दुकको क्याप हजुरबाट मर्जि भया बमोजीम परस्त गरि पायाको छैन पाया को दर ५। रुपियाले लिन्या काम गर्न्या अधि लेषि आयाको भन्दा येसमा किफायेत भयाको छ औषदुवा गोला फुटन्या गोला गरि २० हजार रक्यिसटीनका मेगजीनमा १ मन तयारि येकमन. वजन. वजन गोलाको दर ९ रुपिया दरले छालनुलाई बन्दोबस्त गर्न्या. यो किन्याका मालहरू २।४ दिनमा तेसतर्फ रवाना गर्छु सिपाहिवाला बन्दुक २ सये मात्री षरिद गरि पठाइ दिउ भन्या मर्जि आया पठाउछु तर येक पल्टनलाई पुग्दैन जो मर्जि टक मान्यौं कल भाउ नमिल्दा लिन सक्याको छैन. अझ पनि तलास गर्दैछु. म्यानूत्का दोकानमा २।४ हजार गोला रह्या छन्. तर च्याङ भारी गरि चोट्याहा गोली रह्या छन्. लिन्या काम गरौला. लारन्साहेबका पीनल्या तोप लीनु भनि मर्जि आयाको हो. त्यो भन्या बीकियो. अंत षोजदैछु शुभम्-

पौष वदि १३ रोज १

श्री प्राइममिनिष्टरका हजुरमा श्री कर्णेल षड्ग बहादुर कुंवर राणाजिबाट लेषि चह्राई पठायाको नेपालमा रह्याका पल्टनले नेपालमा बस्ता मा ४ पाथिका भाउले किनि षान्थ्या. येसै भाउले. रसुवामा पनि. षान पाउनु दुनियालाई पनि झारको ठुलो टंटा नलागोस त सल्लहसंग रसद पनि आइ पुगोस् भन्या तजमीज गरी भाउको र वोकनाको कसरदर मिलाई. भाउको र निरषवोकनाको दस्षत्. जगा जगामा. पठाई. लिस्तिर षुवु गोदाम घर.मा रसद झिकन्या काम भयाको छ. तेस तर्फका पल्टनले. अबि गौडामा बस्दा क्या भाउले षान्थ्या. बलाङ चुङ रसद पुऱ्याउनु पर्दा. टाढा नजिक क्या छ फौजलाई पनि मुनासिब भाउ पर्न्या रैयत.लाई पनि. दरदर पर्न्या. तजबीज सग गर्नु भनि येस तरफ गयाको. दरबन्दिको सनदको नकल. पठाई दियाको छ सो हेरि तजबीज गरि रसद झिकान्या. काम गर्नु भनि लेखि वक्सी आयाको सिर चह्राऱ्या हामीहरूले पनि पाहाड मध्येस दुवै तरफ रसदको ताकिति गरि राष्याको छ मध्येसको रसद कस्ता तरफले वोकाउन्या हो भनि अघि हजुरमा विन्ति चढाउदा मध्येसको रसद पाहाडैका दुनीजाले वोकाउनु भनि हजुरबाट मर्जि भयाको हो. आज पाहाडको रसद निरषको तैले तजबीज गरि येस्तरफ भयाका दरबन्दि बमोजिम रसद झिकाउन्या काम गर्नु भन्या लेषि आउंदा. पाहाडका दुनीयामा आसय बुझदा हामीले मध्येसको रसद पनि वोकनु पर्न्या छ भन्य पछि. वर्षा याम षेतिपातिको वेलामा मध्येसको रसद वोकनुलाई कठिन पर्ला. आजकाल मध्येसको रसद पनि वोकि बलाङ चुङ पुऱ्याउछु पछि फौजलाई रसद पुगेन भन्या. भन्या हामीलाई लाग्दाको दरबन्दि बमोजिम. घरमा भयाको अनाज बलाङचुङ पुऱ्याउला भन्या दुनियाको आसय. देषदा हजुरमा विति चढाइ पठायाको छ हाल मध्येसको रसद पाहाडका दुनिआलाई वोकाइ पछि रसदले पुगेन भन्या पाहाडको रसिद झिकाउन्या हो कि हाल पाहाडैको रसद दरबन्दि बमोजिम जमा गरि पछि पाहाडका रसद ले पुगेन भन्या मध्येसको रसद वोकाउन्या हो. हजुरका तजबीजले जो ठहराइ वक्सनु हुन्छ. हजुर बाट यस्मा फिक गर्नु भन्या सिक्षा अति चाडै मेहर भै आया मर्जि बमोजिम रसद चलाउन्या काम गरुला अरूण पश्चिम नावाकोसि पुर्वको रसद षुवुमा त्याउनु पर्न्योः ति विच

का रैतिलाई ताहावाट रसदको टंटा नचलाउनु. भनि लेषि वक्स्याका अर्थ ति विचका रैतिलाई हाल पल्टन आहा धनकुटा रहंज्याल केहि वेसाहा देउ भनि कोहि जिल्लावाट २४ रुपियाको वेसौतिल्याबाको षरिद भया वमोजिम पल्टन लेषाया. अवर मजि वमोजिम अरूण पश्चीम तावा कोसि पूर्वका रसद आहावाट उठाउन लाउन्या छैन वेस पटक यो जंगी काम रहंज्याल तलाई कम्यांडर कर्णेली षीताव भयो. भनि मजि मै आयो: सिर चह्राई षुसि आह्लाद भया. भोट तर्फका चौरी भेडा षरिद गर्नालाई वालुङचुङ हटिया च्यांटा स्मेत मागरि चौरी, ६।७ सयसम्म र भेडा ३।४ हजारसम्म पाईन्या रहेछ चौरी कतिसम्म भेडा कतिसम्म षरिद गर्न पर्ला हजुरवाट येतिसम्म षरिद गर्नु भनि सिक्षा अति आया मजि वमोजिम षरिद गर्न लाउन्या काम गरुला शुभम्-

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल रणउद्दिपसिंह कुंवर राणाजीवाट लेषि चह्राई पठायाको हजुरमा विदा भै पौष वदि १० रोज ६ का दिन ४ घडि वाकि छंदा हेटौडामा आइपुग्या. रसद पनि चलान भयो. आज नेपाल दाषिल भयो होला हेटौडावाट ६३४ भारि चलान भया मध्येमा म आउंदा जगा जगामा ३०।३५ भारि अडन गयाको रहेछ. मे सोचल्यापछि सरासर चलन्या छ पिपा षलासि भन्या सवै अडामा गरि ज्मा ६ हजार के चानचुन मछंदे षठायाको हो. तेस मध्येमा आहा आइपुग्याको र आई नपुग्याको हाजिर गर्न लायाको छ: विति चह्राई पठाउला चुरियाको वाटो पनि सक्याको रहेनछ मानिस नपाउंदा रह्याको रहेछ र येसपट्टी पिपा कुरियाको वाटो वनाउनलाई मेले षटाई पठाजा षजांचौ सिद्धिमान सिं राज भंडारि पनि आइपुग्यो रावल राषन्या धोक्रा. वाकुलो टाठको जनि आयाकोमा भन्या. भरि सक्या वोराको वाहिरी कोराको भित्रि भया. को भन्या: भिक्षा षोरिमा २०।२५ हजार आइपुग्याको रहेछ. तेस्मा ज्याला मजुरि दिजाहा ल्याउनु भनि. सिपाहि षटाई पठायौ. चावल वयेलमा ल्याउन्याहरूले भन्या सरासर हेटौडा ल्याउदा रह्या छन्. गाडामा ल्याउन्याहरूले भन्या वद्रिवाससम्म ल्याई पुऱ्याउदा रह्या छन् वद्रिवासका रैयतहरू भन्या उपल्लो १२ दिन तल्लो ७ ८ दिन वयेल मा ल्याउन्या रैयतहरू भन्या उपल्लो ६ दिन तल्लो ३।४ दिनसम्म रसिद र चावल भर्न्या विगर ढिला भै विदा नपाइरहंदो रहेछ नौसिदा भन्या जना ६ मात्र आहा आइपुग्यो ३०।३५ जना लेषन्या पठाई वक्स्या रैयतहरूले रसिदका निमित्त वीस्तार गरी वस्तु पर्न्यैन. जो मजि दारोगा वीगा लाटाका जीम्माको र हाम्रा हाति आइ पुग्यो. मोली देषि हेटौडावाट भैंस्यासम्म हातिले वोका- उछौ पसिदेषि भैंस्याको चावल वयेल टटुले वोकाई भिफेदी पठाउंला: तर यो वयेल टटु अडामा राष्यापछि रैतिहरूले अधि येक दुई षेप वोकाइ ल्याया आफना ज्यूले र २।३ पाथि मात्र वोकि ल्याउंदो रहेछ. मैले पनि देष्या यो वयेल टटु आहा रह्यापछि रैयतले पनि साह्रै दुष पाउन्या. चावल पनि आउन्या कम होला कि भन्या जस्तो लाग्छ टाटका थैली आइ नपुग्दा धर्म नारानलाई सिपाहि प्यादा लगाई पठायाको छ. पौष वदि ९ रोज: तक चलान भयाको चावल पाथि ।१० अटाउन्या ढोक्रा जमा ३२७८ वाकि थैली भरि सक्याको २७०० र भित्र चोकको. पुर्व पट्टिका लङमा ५।। हात गज ५० हात लमाई भयाका ठाउमा ३।। हात अंगुली चावल छ: दक्षिण पट्टी ५।। हात गज २४ हात लमाई ३।। हात उचासम्म छ. पश्चिम पट्टी ५।। हात गज १४ हात लमाई ३।। हात उचा चावल छ. उत्तरी पट्टी ५।। हात गज २६ हात लामो ३।। हात उचा चावल छ सवै वैठकका. पश्चिमपट्टी कोठामा ५ हात गज २४ हात लामो ३ हात उचा चावल छन् नत्रा थर्पुमा पश्चिम दक्षिण गरि २ लंको ४७ हात लामो १३ हात गज ६ हात उचा चावल छ अंदाजले हेटौडा दाषिल भै सक्याको चावल जमा उपल्लो २० हजार तल्लो १५ हजार मुरी सम्म रहेछ. रोजको ६।७ सये मुरी चावल आउदो रहेछ सुवेदार अैमान विष्टलाई हजुरवाट मजि भै ठकमिहरू चुच्या चाध्या गरि १००।१२० चाडै पठाई देउ भनि अह्राई वक्स्या जावस् रसदका कामलाई सिकमि जना १२ आवाल जना ८ लाई पनि पठाई वक्सनु भया वढिया होला शुभम्-

पौष वदि १४ रोज ३

ताहापछि श्री प्राइममिनिष्टरवाट कप्तान लाल

सि षतृ के लेषि गयाको अघि लेखि गयाको फर्मायषि के षबरिद गरि ल्याउने छौ. फेरी कालीवक्स. पल्टनलाई. केपवाल वन्दुक वाडिया. येस पल्टनलाई चाहिन्या केप को नमुना पठायाको छ नमुना वमोजिम बेलायेति केप. तिन लाख खरिद गरि ल्याउन्याका मगर येहि नमुना वमोजिम. छुचीवम्याको छ जाहावाट पठायाका. नमुना-मा घटीवढी वन्दुकमा नमिलन्या हुन नजावस् शुभम्

पौष सुदि २ रोज ५

ताहापछि श्री जनरल कृष्णवहादुर कुवर राणा-जीवाट श्री जनरल रणउद्दिप सिंह कुवर राणाजि. के लेषियाको पौष वदि १० रोज ६ का दिन ४ घडि. दिन वाकिमा हेटौडा पुगी चुरियाको वाटो नवन्याको हुनाले त्यो वाटो वनाउनलाई येक पट्टी पिपा खटाई पठाउन्या र पिपाहरूको हाजिरी गर्नलाई. रसदलाई चाहिन्या कुराको जाहा लेषि पठाउन्या कुरा. जाहा लेषि पठाई. तजीवज गर्न लागन्या. काम वढिया गर्न्या छौ. नौसिदा जना ६ मात्र आइपुग्या. अरू लेषन्या पुगेनन्. भनि लेख्या का कुरालाई अघि ताहा गयाका मुषिया नौसिदा. वाहेक २५ जना. नौसिदा. पौष वदि ६ रोज देषि ये वदि ९ रोज ४ सम्ममा. दर्शन गराई. ताहा पठायाका हुन्. आज-सम्म पुग्या हुन्. ढिल गरि अजसम्म पुग्याका छैनन्: भन्या ऐन वमोजिम अदल गर्न तिमि जान्यै छौ. चावल राषन्या टाटका वाकला धोक्रामा भरिसकि भिक्षाषोरि मा आयाका २०।२५ हजार वोरा लीन. सिपाहि षटाई. पठाउन्या काम. वेस भयेछ. ताहा रसदलाई. लेषन्या भरन्या मानिस जति पुग्दैनन्. श्री ५ सर्कारको नगीर्न्या रसदको काम चलन्वा दुनियाले. दुख नपाउन्या. वेहोरा-संग श्री ठाहिला भाईका तजवीरमा १०।८ हजारसम्म चाहिन्या. भया पनि. हालनु भन्या श्री मिनिष्टर दाज्यै ज्यूबाट मर्जि भयाको छ तिम्रा तजवीजले: लेषन्या. भरन्या ताहाका काजलाई. चाहिन्या. मानिस राषी. काम चलाउन्या पाठ. भया वढिया होला. दारोगावी गालाटा. काजिम्मा. का र हाम्रा हातिहरू आइपुग्या छन् वढिया भयो हेटौदा देषि. भैंस्यासम्म हातिले वोकाउन्या. भैंस्या को चावल वयेल टटुले वोकाई. भिंफेदि पठाउन्या तज-वीज वेस भये छ. येति वेहोरा गर्नु वयेल टटु अडामा रह्यापछि. रैथले. पाउर्दैनन्. चावल आउन कम होला कि भन्या विस्तार. लेष्याका कुरालाई. रैतिले आफना आफना वयेल टटुलाई वोकाई. हेटौडासम्म ल्याउनु. ज्याला मजुरिमा. वन्दोवस्त भयाका वयेल टटुले भिंफेदि.सम्म वोकाउन्या काम गर्नु. टाटका चैली नआउदा धर्म नारान लाई. सिपाहि प्यादा. पठाई. ताकिति गर्न्या काम. वेस भयेछ रसदका कामलाई तिमि लेषि पठाया वमोजिम चुच्या चाषा वनाउन लगाई चाडै पठाई दिउला. सिकमि जना १२ आवाल जना ८ पठाई दिया का छन: आई पुगनन् श्री भैरवनाथ पल्टन १ श्री जगनाथ पल्टन १ टोप ६ लिकपतान्. श्री कृष्ण साहि. वल भद्र माझि. तेस पल्टनका पगरि फागुन मैह्नामा येतावाट. गै केरु तरफ कुकुर घाटसम्म जानु. तेसतिरलाई आराम भया. श्री माहिला दाज्यैज्यू. वैशाषसम्ममा जानु. वाहा आई आराम नभया. कर्णेल कृष्ण ध्वज कुंवर राणाजीले जानु. श्री कालि वक्स पल्टन १ र श्री रण सिंह दल. कंपनि १ ली. वडा कपतान तोरण ध्वज कुंवर राणाजी कपतान रणसि षतृ. येस पल्टनका पगरी. स्मेत फागुनमा लिस्ति तरफ जानु. केरुतर्फ श्री माहिला दाज्यैज्यू जानु भयेन. भन्या. लिस्तितर्फ कर्णेल पृथ्वीध्वज कुवर राणाजीले. जानु. इषटीयाका: पल्टनका: पगरि हुंदा सिपाहि. तत्रतत्र गयाका झिकाई कवायेत मासमिल गराई. ताराहान सघाउन. लेफतेन. रणसुर विष्ट लाइ पनि. झिकाउनु. पिपाको ताकितिलाई कपतान दलजित विष्ट लाई लेजानु भनि मर्जि भयो. श्री भैरवनाथका. तेस तरफ. काममा आयाका मानिस जति छन्. चाडो याहां पठाइ दिन्या काम गर. ताहा पिपाको. ताकितिलाई. विष्ठ कपतान-लाई. ताहा पठाई दिउकी. जाहीवाट ताकित गर. भनि अह्राई. दिनु जस्तो तिमिले लेषि पठाउला. सो वमोजिम अह्राई दि जस्तो तिमीले लेषि पठाउला. सो वमोजिम चह्राई. दिन्या काम गरुला. पिपा लेषायाका र.सदको हेटौडा देहिगकोट.सम्म अस्ति कुरा भया वमोजिम जगा जगाका माउले ठेकिदिनु. भनि मर्जि भयाको छ पौष वदि १२ रोज देषि. येसुदि १ रोजसम्ममा आयाका. रसदका ढोक्रा २५९० शुभम्-

पौष सुदी ३ रोज ६

ताहापछि श्री प्राइममिनिष्टरका इजुरमा. मोस्तां

गीराजा आगोन कुंगा नुर्वुवाट. लेषि चह्राई पठायाको: हिजो श्री रणवहादुर साहका पालामा छार्का बोलाको. जगा हाम्रा बाज्या. वावु वराज्यूलाई हामीलाई वक्सीस हुदा. हिजो मोट पाटन. लुमलालीदा. पनि हजुरको. टहल. हाम्रा वाज्याज्यूका. जिये धनले आफु. तलवले षजाना. सिपाहि फौज ली जुमला सम्म. हजुरको. टहल गरि. हिजो पनि पुग्याको हुन्. आज हामीवाट पनि हजुरका हुकुम. मर्जि सिर चह्राई. हुकुम मर्जि वमोजिमको चाक्री जांदा मर्जि हुन्छन्. जसो मर्जि हुन्छ तेस्तो आजै पनि चरणको टहल गर्न्छु. श्री ५ सर्कारको जगी षजाना रसद वोकाउनालाई मारि वोकन्या जनावरको तायेदान. गर्न र. मर्दाना सिपाहि. माफिकको मानिसको ज्मा औ जनावर वाहेक: मारि वोकन्या मानिसको स्मेतको. ज्मा, तायेदान गरि. गैह्रले वोकि ल्याउन सकन्या अनाज रसद गैह्रको पनि ताहा जो चल्याको भाउले षरिद गरि ज्मागरि राषि येस भाउले येति रुपिआसम्मको अनाज रसद ज्माँ येति भयो. भन्या र. जनावर तायेदानको ज्मा पनि येति भयो भन्या वेहोराको कागज लेषि मोस्तागीराजा मार्फत आहा लेषि चह्राउ भन्या हुकुम मर्जिकषे दस्तावेज हाम्रा कारिंदासंग काजि हस्ते मोस्ताङ आइपुग्यो सिर चह्राई छार्काधेलु मोस्ताङ अम्वल भरका जनावरको जाँच गर्दा चौरी १९६० मोवा ९० लुलु ३५० गदाहा ११७ भेंदा च्यांग्रा गरि २६० छ जनावर सवै ज्मा ५१४५ भयो सिपाहि माफिक षवर्दारी मर्दज्यू २०० भयो वन्दुक पनि २०० भयो. जनावर. वाहेक. भारि वोकन्या मानिस ६० भयो. अनाज रसद निमित्त जनावर मानिस स्मेतको नुन् भारि १००० र १२०० वोकाई मोस्ताङदेषि ५ दिनको रस्ता वाह्र गाउंका गवेनीजगातमा पुगी दस्षत देखाई नंम्रा लाग्याको जगात. दै दस्तुर लेउ. हामि थाकगै अनाज रसद षरिद गर्छौं भंदा दस्षत हुकुम मर्जिमा नटेंह्रि. रोकटोक गरि निज वाह्र गाउल्याले हुल गर्दा हाम्रा मोस्तां गीजना ४ लाई वीना हुकुममा कुटपिट गरि रगत पक्ष भयो. हुकुम मर्जि दस्षतमा नटेढो मोस्तागीको जिये पनि रौकिन्या भयो. यसो भया. श्री ५ सर्कारको टहल कसो गरि हुन्या हो. हंस थकाली चरणको पाउ धाई पठायाको छ. रोकटोक नगर भन्या. वेहोराको. लाल मोहर सिकासा गरि आहा पठाई वक्स्या. श्री ५ सर्कारको टहल पुगन्या छन् शुभम्-

ताहापछि श्री जनरल कृष्ण वहादुर कुवर राणाजीवाट सुवा मानसरवर कप्तान रामु के लेखि गयाको. जगा जगावाट आया को रसदको आम्दानी लेषदा विर्ता वेष. मरवट. फिकढारका आम्दानी षान्यावाट आयाको र कमौट षेट पाखावाट आयाको भनि पुर्घाई श्रेष्टामा लेखनु भन्या वेहोराको दसषत भै गयाको हो. दस्खत लेखिया वमोजिमको स्याहा लेषन निर्वाहा हुवैन भन्या षातीर येस वेहोराको रसिद गर्नु भनि रसिद लेषन्या मसौदा अघि तिमीहरू जांदामा पनि लेषि पठायाको हो. सो वमोजिम रसिद लेषन्या मसौदा स्मेत उतारि पठायाको छ. दस्षतमा धेरै वेहोरा लेषियाको भया पनि येसै रसिदका वेहोरासग स्याहा लेषि रुपिआ र रसिद दिन्या काम गर. ताहाका मुषिया तहवीलदार. नौसिदाको मिति स्मेत नामा सिउतारिकागज पठाउनु. तिमीहरू गयाका आज १२।१५ दिन भयो ताहा पुग्याको पौचनामा पनि लेषेनौ रसद आउन लाग्या. नआयाको षवर पनि लेषेनौ. अव उप्रान्त वरावर लेषन्या काम गर शुभम्-

रसिद लेषन्या वेहोरा

भादगाउ षौमा भाजुमनी चावल पाथि ।३।४ के रु १ लिस्ति ११ साल पौष शुदि रोज शुभम्-

पौष सुदी ५ रोज १

तर्सै वीचमा श्री प्राइममिनिष्टरका हजुरमा श्री कर्णेल कृष्णध्वज कुवर राणाजीवाट लेषि चह्राई पठायाका पल्टनले नेपालमा ४ पाठिका भाउले चावल षांथ्या येर्सै भाउले रस्तामा पनि पल्टनले षान पाउन भन्या निमित्त नेपाल देषी प्यूषाना सम्मको भाउको मुलुकवाट अनाज झिकन्या यस्तरफ गयाको दरवन्दिको सनदको नकल पठायाको छ. तेस्तरफका पल्टनले अघि गौडामा वस्दा. क्या भाउले षान्थ्या. हुमलामा रसद पुग्याउनु पर्दा टाढा नजीक क्या छ फौजलाई मुनासिफ भाउ पर्न्या रैति लाई पनि सरदर पर्न्या. तजवीजसंग रसदको व दोवस्त गरि झिकाउन्या काम गर्नु भनि लेषि वक्सनु भयाको

रहेछ. बहुत बढिया हो. रसदका दरबन्दिका सनदको नकल पनि आइपुग्यो. अघि रसद जमा गर्नु भन्या बेहोराको दस्खत आउदा हुमला जान हिउले बाटो बन्द नहुञ्यालसम्म रसद हुमला पठाउन्या काम गर्न्याको थिञ्यू. बाटो बन्दा. बन्द भयापछि दुल्लु दैलेख जाजरकोटको रसद सिनासिममा जुमला अछाम बाजुरा बझां थलहराको रसद हुमलाको नगीच जुमला गल्फा. दरा हुनाले गल्फामा बझांबाट ताकलाघार नजिक पर्न्यो हुनाले डोटी तरफको. रसद बझामा भाउको सरदर मिलाई भरि जगेरा बाधी राख्याको छौ. अबर मर्जि आया बमोजीं षेत मुरि १ के येति पाषाको येति मन्दा. दरबन्दी बाधी रसद झिकन्या र अघि पल्टन लेषायाका भाउ सरदर मिलाई षर्च गर्न्यो. काम गरुला. पारिसिवानाको नगीच भुचुमा बनि सक्याको घर र बनाउंदा बनाउंदै. बनाउन नहुदा. नआ घर सुकि नसकदा. चिसो भै अनाज राषन नहुन्या. भयेर रसद हुमला सिमकोट मा राषन्या काम गर्न्याका थिञ्यू. तिवन्याका जगेरा. रसद घरमा पनि हिउ फालन्या मानिस. नराष्यान. हिउले पुरी तेंसै पनि षराब हुन्या रहेछ र हिउ फालनालाई. बाहाका गाउंका मानिस षटाई. राषन्या काम गरौला हुमलातिर जान्या रस्ताको बेहोरा बुझदा. पुस महिना देषि चैत्र महिनासम्म हिउले बाटो बन्दा बन्दै गर्दो रहेछ निगल्दो चैत्र मैह्ना देषि हुमला सिमकोट जान हुन्या रहेछ. हुमला सिमकोट देषी. उभोजानालाई र बैसाष मैह्नामा पनि झोवा चौरी लगी. हिउं फोरी जानु पर्न्या रहेछ मुलुकबाट र पनिर मैह्ना देषी चैत्र मैह्ना सम्ममा रसद नझिकाया. वर्षामा अनाज पनि नपाइन्या टाढाको रास्ता वर्षामा षोलानाला ले पनि रोकन्या हुन जालाकि भन्या बेहोराले छिनासिम गल्फा बझामा. जगेरा बाध्याका छौ. दाङ देउषोरीमा ११ हजार रुपिआको रसद जमा गर्नु भन्यां बेहोराको दस्खत कपतान जवर कार्कि र बाहाका भला आदमी. रेयतका नाउमा भै आयाको रहेछ र ११ हजारको रसदको बन्दोबस्त. सल्लानामा गर्न्याका छौ दाङ देउषुरीका रसद र छिनासिम गल्फा. बझांमा जगेरा रह्याका रसद यारितक लैजानालाई निरस्ताका गाउलाई तिन्का घरले बोकन्या गोदाममा कुप गरिन दिया. रसद पारि पुग्न सकैन कि भन्या झै लाग्दा मुलुकलाई १ मेरा नाउमा दस्षतको मसौदा गरि चह्राई पठायाको छ तजबीजले जो ठहर्छ शुभम्

तेस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा. कपतान भैरववहादुर पाडे सुवा चेतनाथा पाध्या. सुवा धनसुन्दर सुवेदार अैमान षतूले लेषि चह्राई पठायाको पौष वदी ३० रोज ३ का दिन. टिमुन्या गाउंमा. कपतान भैरव वहादुर पाडे. सुवा चेतनाथ पाध्या. सुवा धनसुन्दर मुषिया २ नौसिंदा २० समेत आइपुग्यौ भोलि पल्ट सुवेदार अैमान षतूलाई साथमाली हामीहरू रसुवाको दोसाध सम्म हेरचाह गरि आउ भनि जांदा. रसुवादेषि पाउ भर बढो बाटामाथि. सानु टिप्पा पर्न्याको रहेछ. त्योटिप्पा देषि दोसाधका साघुसम्म मानिस आया. गयाको राम्रो गरि. देषिन्या पनि रहेछ षत्री सुवेदारले बहुत तजबीजसंग जगा जगामा थर्पु बनायाका रह्या छन् ताहा ३५।३६ हातको ३ तर्फ गरि थर्पु बनायाको रहेछ. थर्पु मनिवाट ४० हात लम्वा १ थर्पु बन्याको रहेछ जगा फराक छैन मानिस बस्न्या ठाउं छैन अनराषनालाई तेसै थर्पुमा १०।८ हजार मुरि अनराषनु हुन्या छ सो सांधको नजिक छ. रसद राषनालाई जो मर्जि आउंछ सो बमोजिम गरौला. दस्षत. सवालमा पनि टिमुन्या गाउंमा बस्नु भनि मर्जि थियो हामीहरू पनि आई टिमुन्या गाउंमा बसि रह्या छु आहा पुराना घर र २५ गोटा साबुद छैन: रसद आयापछि थन्क्याउनालाई इनै पुराना घर. रफु गरि ताल टोल गरि मित्तामा चित्राले बारिसेफा गर्न लागी रह्या छु पछि सागुरो भै रसद थन्क्याउनलाई ठाउं भयेन भन्या देषि कठिन पर्ला. श्री ५ सर्कारबाट पनि सिसानि होला भन्या निमित्त आहा आयाका षलासि पिपा झारा लि स्मेतलाई अरू २।४ घर पनि तयार गर्नु भनि तजबीज गर्न लागी रह्या छु बुद्धि वर्गदले भेटायासम्मका सराजामले. ताकित नभयासम्मले ताकित गरौला भनि रात दिन मनमा चितना गर्दैछु हजुरका प्रतापले. सबै कुरो सिद्ध हुन्यै छ हाल आहा रसद आयाको छैन रसद आयापछि ७।७ दिनमा पठाउनु भन्या. सिक्षा पनि छ. सो बमोजिम आयाका अंनको हिसाब लेषि हजुरमा

जाहेर गरौला. तोडा पनि २० भारि जाहा आई पुग्याको छ. चौकि पहरा गरि थन्क्याउना काम गरि राख्याको छः अरू ताहाबाट हुलाकमा हिंडि आयाको तोडा बाकि साघु मा रहाका छन्. इनै तोडा लौ आउन्या. षलासिलाई विदा गरि पठाउन्या काम गरौं. टिमुन्या गाउदेषि कोस भर भिङ चढाउनै चार थुर्ं वन्याका रह्या छन् यो आषाका रसद ताहा लम्मौर थन्क्याउः भन्या टाढा देषि आउन्या मानिसलाई. साह्रै कठिन हुन्या रहेछः कठिन भया पनि वाहा पनि. टिमुन्यामा पनि दुई ठाउं थन्क्याउ भनि मर्जि आया. सो वमोजिम गर्छु कठिन ठाउ रहेछ तल. औटन्ज्याल. तलै थन्क्याउनु भनि मर्जि जो आउंछ सो वमोजिम गर्छु. कठिन गड रहछ. पौष सुदि ३ रोज ६ मा गुल्मीतर्फको रसद. गोदाममा आयाको चावल मुरि १।६।६ च्यूरा मुरि ८।१७ ४ जमा ८।४।२ विजि-निस चह्राई पठायाको छ. जाहेर होला. शुभम्-

श्री जनरल कृष्णबहादुर कुंवर राणाजिका हजुरमा श्री जनरल रणउद्दिप सिंह कुंवर राणाजिबाट लेषि चह्राई पठायाको. हजुरबाट पठाई बक्स्याको नौसिंदा आजका मितितक जना ३१ आइपुग्यो. ताहा रसदलाई लेषन्या भन्या मानिस जति पुग्दैन. श्री ५ सर्कारको नगिर्न्या. दुनियाले दुष नपाउन्या वेहोरासंग तिम्रा तजवीजमा ८।१० हजार षर्च गर्नु पर्‍या पनि षर्च गर्नु भन्या. श्री प्राइममिनिष्टर दाज्यै ज्यूबाट मर्जि भयाको छ. तिम्रा तजवीजले. रुपैया षर्च गरि. काम काज लाउनु भनि लेषि बक्सनु भयाका अर्थ रैतिले पनि दुष नपाउन्या काम पनि चलन्या. रैतिलाई सुख दिउ भन्या. श्री ५ सर्कारका रुपिआ षर्च हुन्या. रसद बरोबर. चलन्या काम गर्‍या श्री ५ सर्कारको रुपिआ ज्यादा षर्च हुन्या. येस्मा आफना बुद्धिले भेटायासम्म. भर मगदुर गर्यै छु. ज्याला दि काम सराउ भन्या बद्रिवास देषि रैतिहरूले गाडामा राषि ल्याया को चावल. डोको भरिया वैल हेटौडासम्म येक बयेलको ज्याला: पैसा ।। ८ र चावल माना ४ दिदा लिदा रह्या छन्. भिक्षा षोरि देषि हेटौडासम्म. येक बयेलको ज्याला लाठ साहि रुपैया २ दिदा रह्या छन्. हेटौडादेषि माहाजनको भारि बोकि ६ ७ दिनमा नेपाल पुग्याउदा रहेछ. तिनिहरूलाई ज्याला भारिको २।। रुपिआ दिदा रह्या छन्. येक दिनमा कोहि ठाउंमा ।। ८ कोहि ठाउंमा २ कोहि ठाउंमा २।। दिदा रह्या छन्. हामीहरूले चुरियाषदार. मेगजीनको काम गर्न्या मानिसलाइ रोजको भादि काम लायाको छ येति ज्यालादी काम लाउनलाई मानिस पाउन मुस्किल परिरहेछ. रैतिको बयेल. टटुले आफनै चावल बोकनन् ज्यालादारले भैस्यादेषि भिमफेदी-सम्म बोकाउनु भनि लेषि बक्स्याको अर्थलाई बयेल टटु लिन पर्न्या. तेहि जिल्लाबाट रैतिले बोकाई ल्याउनु पनि तेहि जिल्लाका बयेल टटुबाट भोगलानी महाजन बेपारि हरूले भन्या पैले पाहाडतिर भनि नमान्या उस्मा पनि दिन भरिका बाटालाई ज्याला दिन्छौ चार आना दुनिया दिछन् येक रुपिआ बैयल टटु मानिसका ज्यालाको बेहोरा येस्ता रसदका कुरालाई भन्या जुन तरहले हुन्छ चाडो पठाउनु भन्या. लेषि आउन्या सदरबाट बेहोरा षोली नआउन्या गोलै आउन्या. जाहा बसि काम गर्न्या. लेक सो गरि आटनु मैले कसो गर्न्या हो. जो मर्जि. श्री भैरव नाथका सिपाहि जाहा काममा आयाका लाई. भर-खर कामको सुर बसिरहेछ पठाई देउ भनि मर्जि हुन्छ तापनि काममा राषमा राष भनि मर्जि भया पनि. जो मर्जि. रणसुर बिष्टलाई ताहा पठाई दिन्या काम गर्‍या कपतान दलजीत बिष्टलाई चाडो पपाई बक्सनु भयेन भन्या. जाहा रसद बोकन्या पिपाका अडा अडामा भारि-रहन जाला. तस अर्थ. चाडो पठाई बक्सनु भया बढिया होला. मलाई भन्या नेपाल र मध्येसबाट आयाका चिठीया जवाप लेखनाले आधारात सम्म सुतन पाइदैन दिउसो भन्या आयादेषि रसद भन्याका ठाउंमा बन्दोबस्त बाधनु पर्दा. आफु नबसि काम नहुन्या आफु बसु भन्या रसद भन्याका ठाउंमा गउले धूलोले बसि सकन नहुन्या. चुरियाको बाटो हेर्न गया. फर्कि आउदा शिकार खेल्दै आयाथ्या शुभम्-

पौष सुदी २ रोज ६

ताहापछि श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल रणउद्दिप सिं हकुवर राणाजिबाट. लेषि चह्राई. पठायाको छ. जो जाहाको काममा रह्याका मानिसहरूको फर्द उतारि चह्राई पठायाको नजर गरिबक्स्या जाला.

यो थपुं बनाउन लायाकाले थपुं बनाई तयार भयापछि थैला स्यून्या काममा लाउला दिनको २००० थैला. आज कालदेषि तयार गराई राषन पाया वयेल टटुलाई पछि वोकाउनालाई षाचो हुन्या थियेन यो काम गर्न्या मानिस वेरामि भै कम भयो भन्या पनि अडा अडामा पिपालाई वोकाउनालाई कम हुन्या थियेन. धर्म नारानले थैली पुऱ्याउला भन्या कवुलनामा कौसिमा छ. कवुलनामाको नकल पठाई वक्सनु भया हेरि कवुलवमोजिम काम गर्दा भैस्यामा वैल टटुले चावल वोकाई पठाउनु भन्याकोता. जुन जिल्लावाट रसद वोकि ल्याउंछ उनै जिल्लाको वैल टटुलाई भैस्या पठाउंदा रैति साहुँ कराउंछ रसद पनि कम भयो तस अर्थ जुन जिल्लाको रसद वोकाउनु पर्दैन उनै जिल्लाको वयेल टटुको वन्दोवस्त गर्नु वेपारिहरूको पनि वयेल टटु यतिले हुंछ भनि जिल्लै सप्तरि महुतरि तिरकाजो षजांचीलाई षटाई पठाया पुग्याको ११ दिन भित्र वयैल टटु रवाना गरेन भन्या जरिवाना होला भनि पठाया जो मर्जि मोगलानाका महाजनहरूका वयेल टटुले दिनका ४।५ सये थैलीसम्म चलान हुन्छ मार्ग सुदि १० रोज देषि पौष सुदी ४ रोजतक रैतिहरूले हेटौडा गोदाममा दाषिल गऱ्याको ज्मा मुरि १७०६२।१५।७ येसमध्ये पिपा षलासिले वोकाई नेपाल चलान गऱ्याको भारी १०८९० हाति वयेले टटुले भैस्या चलान गऱ्याको हाति घोडाले थैलि ७८२ वयेलले थैला ८४७ टटुले थैला १३२ ज्मा भारि १२६५१ रवानम भयाको छ. भिमफेदी को अडामा पीपाको डेरामा राख्याको राख्याको भारि ४ जलेछ भन्या षवर आउंदा आफ्ना डेराले क्यान लैग्या को हो भन्दा भोलि विहानै नहिडा या अडामा पुऱ्याई आफ्ना अडामा आई भोली हिडाउन्या थैली वुझि गनी पट्टा पट्टीका ज्मादार हुदा पिपालाई जिम्मा दी. हिसाव को कागज मीलाई भरपाई दिंदा ३।४ घडि रातको जांदा छ भोली हिडाउन्या भारि उसैदिन वुझिली कागज मिलाई भरपाई दींदा १०।८ घडि दिन चढदा छ अडामा पुऱ्याई फर्कन कठिन पर्छ भनि विन्ति गऱ्यो. मैले पनि हेटौडाको अडामा वसि हेर्दा इनहरूले विन्ति गऱ्याको मुनासिव जस्तो लाग्यो जो मर्जि-

षामिभित्रको

जिल्ला जिल्लावाट रसद आयाको हाजिर चह्राई पठायाको छ येस्मा कैल्हे घटि कैले वढि पनि आउंछ- २३५२

गारा	९५२	मठुरा	९३६
वयेल	१६७	घोडा	६२
डोका	१६८	गाडि	५
गाडा	५	गदाहा	३
टाट कोराको थैली हाति	५१	साहुका वयेल	३

अडा १ के रासका चावल भारि. थैलामा हाली दिन्या. सिपाहि जना २ थैलि थापि मुष स्युना ठाउमा पुऱ्याई दिन्या जना ४ थैलिका मुष स्युना ज १ के रोजका १५ का दरले थैली ५०० के माना ३७ येसै दरले अडा ४ के स्युना मर्न्यामा पुऱ्याउन्या जना १६ थैलीका मुष स्यूना जना १४९ ज्मा जवान १८२ ले ज्मा थैला २००० तयार हुन्छ-

रैतिले ल्याया को चावल मर्न्या अडा १ के जना २ प्रगना मौजेका रैतीका नाउमा मरियाका चावलको गीति लेषन्या. नौसिदाले लेष्याको स्याहा वमोजिम रसिद लेंषन्या पटवारि १ भरिदिका चावल वोकाई गोदाम घर पुऱ्याउन ल्याउना जना १ यसै दरले अडा २० के मर्न्या ४० नौसिंदा २० पटवारि २० भरियाको वोकाई गोदाम घरमा पुऱ्याउन्या २० ज्मा. जवान १०० ले काम ढाकदो रहेछ येसमा पनि वढन आयो भन्या ढाकन मुस्कील हुन्छ-

गोदाम घरमा ठाउं ठाउंमा पहरा वस्न्या अडा ७ के ४ का दरले जना २८ गोदाम घर वरिपरि आगाको र चोरको हेरचाहलाई रवन गर्न्या जना ८ अडा अडामा काम गऱ्या नगऱ्याको हेंरचाह गर्न्या ज्मादार हुंदा गरि जना १० ज्मा जना ४६ थैला छाप लाउन्या जना ४ धागो केलाई स्युना ठाउमा पुऱ्याउन जना ४ ज्मा जन्या ८ दुवै ज्मा जना- ५४

कोरा भित्रि. वोरा वाहिरि. मा वोरामित्र कोरा-को भित्री हाली. नआयाको हुनालें र साना ठूला मिलाउन पर्नालें. थैली मिलाउन्या जना २५ गोदाम घर वनाउन्या जना ६० ज्मा जना- ८५

चावलको आम्दानी षर्चको स्याहाले षन्या रसिद रुजु गर्न्या. नेपालवाट आयाको १ लालादास १ जमा मुषिया २ नेपालवाट आयाको १० मध्ये स्या २ जमा नौसींदा १२ दुवै जमा- १४

तेरीज चाहिन्या मानिसको

मुषिया-	२
नौसिंदा-	३२
पटवारि-	२०
जमादार हुंदा सिपाहि-	३८१
	४३५
काममा रहन्या मानिसको हाजिरी जमा-	१८२
वटुक दलको-	१३८
कम्पतान महारुद्र षतृका जीम्मा अधि पठायाका सर्व्वध्वज पल्टन १ पट्टीका जमादार स्मेत-	४२
थैं६ पल्टनको-	५०
मुषिया नौसिंदा-	३२
मुषिया- २ नौसिंदा- ३०	
मध्येस जिल्ला जिल्लाका पटवारि-	२०

तेरिज

लेषन्या-	५२
मुषिया-	२०
नौसिंदा-	३०
पटवारि-	२०
जमादार हुंदा सिपाहि	२३०
	२८२

वाकि यो २ हजार थैला तयार गर्नलाई मैले अंदाजा गर्न्याका ज्या वंदिमा आहा हाजिर गर्दा काममा लाग्याको. मानिसका वासिल वाकि गरि चह्राई पठाया-को छ. नजर गरि वक्सनु भैं मुनासिव र वेमुनासिव जो वक्सनु हुन्छ मुनासिव ठहराई वक्सनु भया. यो मानिस पठाई वक्स्या जावस् म वसि हेरि वुझि जाचि अधि लायाको काम भन्दा कंसि गर्न्याको जस्तो लाग्छ. जो मर्जि. वाकि मानिस थपनु पर्न्या. हुंदा सिपाहि जना १५३ शुभम्-

पौष शुदि ८ रोज ४ मा

ताहापछि. श्री प्राइममिनिष्टरका हजुरमा. श्री कम्याण्डर कर्नेल कृष्ण ध्वज कुवर राणाजिवाट लेषि चह्राई पठ'याको. वैशाषमा लस्कर ली तैले ताकला-षारमा जानु पर्न्या छ. येतावाट हाम्रो मर्जि आउनि मात्र जान्या काम गर्नु. रसद वोकन्या. चौडि भेदा वसि. च्यांग्रा लुलु गदाहा मोल दि षरीद नगर्नु. ज्याला मजुरि-को वन्दोवस्त गर्नु. रसद वोकन्या वेलामा हर्कट नहवस राजा रजौटाहरू जांछौ भन्यालाई आफुले ल्यायाका मानिसलाई षान आफैले पुऱ्याउला भन्यालाई. साथमा लैजानु मानिसलाई रसद पुऱ्याउन भन्या सकदैनौ. हामिर जाछौं भन्यालाई गौडा कुढिवस भनि. गौडामा राषन्या काम गर्नु. डेढ वर्षसम्म पुग्या. रसद षर्च जाना स्मेत उदि गया वमोजिम तयार गरि राषनु. पल्टनमा. षाली षालसा भर्ना गर्नु. हाम्रा येस्तरफका रयेतले भोटतर्फ गै. रुपियाले नुन षरिद गरि ल्याउछौ भन्या ल्याउन दिनु. अन्न गैंहु भोटतर्फ लगी नुन ल्याउन नदिनु. ताकलाषारको ढेवालाई. तेरो भाषा गरि लेषि पठाउन्या मसौदा पठाया-को छ. मसौदा वमोजिम लेषि पठाउन्या काम गर्नु. तलाई कम्यांडर कर्णेल भन्या षिताव भयो. आफुले लेषता पनि आफुलाई अरूले लेषता पनि यसै वेहोरा लेषनु भनि उदि दिनु: भनि लेषि वक्सनु भयाको रहेछ वहुत वढिया भयो. जौन वखतमा ताकलाषार जानु भन्या. हजुरका मर्जि आउला. उसै वखतमा जान्या काम गरुँला रसद वोकन्या चौडि घोडा. भेदा गैंहको पनि. ज्याला मजुरि-को वन्दोवस्त गरि. राषन्या काम गरौला राजा रजौटा-हरूलाई पनि मर्जि आया वमोजिम. वेहोरा गरौला. रसद षर्च जाना पनि मर्जि आया वमोजिम जान त भर तयार गरि राषौला. पल्टन कंपनीमा षाली षालसा पनि भर्न्या गरुला: षालि राषन्या छैनौ: भोटतिर नुन लिन जान्या. लाई पनि: मर्जि आया वमोजिम ताकलाखारको ढेवा गई चिठी लेषन्या वेहोरालाई पनि हजुरवाट पठाई वक्स्याको मसौदा वमोजिम लेषि पठाउन्मा काम गर्न्या हजुरका मेहरवे मलाई कम्याण्डर कर्णेलको षिताव वक्सनु भै आयाको रहेछ शिर चह्राजा औ हाम्रा इलाका भरको ताकिति गराई ज्मा भयाका रसद मध्ये तैनाथि पल्टन कंपनी लेषायाको रसद ठहर्छ तेस्को रसद षरिद गर्दा

पऱ्याको र वोकदाला पाको षर्च स्मेत हिसावको गरि जो भाउ ठहर्छ उस भाउसंमः तैनाथवाला भारादारले आफना पल्टन कंपनि लेखायाको तरतहसिल गरि सदर मुलुकि खानाः मा बुझाई रसिद लि. वुला वुझाउनु केन भन्या. हाम्रा घर घरानावाट वुझाउला भनि सहि हालि तिमीले पनि कागज पठाई दिन्या काम गर. अरू तैनाथ-वाला भारादारको पनि सहि हल्लाईः पठाउनु भन्या वेहोरा श्री प्राइममिनिष्टर दाज्यैज्यूवाट लेषि आउंदा येस वेहोराको कागजमा सहि हालि मुलुकि षानामा पठा-याका छौः हामिले रसद पल्टनलाई दिदामा जो भाउ लियो. सो भाउ दिन्या होकि ज्याला मजुरी स्मेत हिसाप राखी भाउ काटी जो भाउ ठहर्छ सो भाउ दिन्या हो जो मर्जि शुभम्-

पौष सुदी ११ रोज ७

श्री जनरल कृष्ण वहादुर कुवर राणाजीवाट. कप्तान भैरववहादुर पाडे प्रोहित चतुर्भुज दत्त अर्ज्याल. सुवा चेतनाथ पाध्या सुवा धनसुन्दर ज्मादार ञमान षतू-हरूलाई लेषि गयाको जगा जगावाट आयाको रसदको आम्दानी. लेषता. विर्ता वेष मरवट. फिकढारका आम्दानी षान्यावाट आयाको र कमोटवाट आयाको भनि छुट्याई श्रेष्टामा लेखाउनु भन्या वेहोराको दस्षत भै गयाको हो. दस्खतमा लेखिया वमोजिमको स्याहा लेषन निर्वाहा हवैन भना षातीर येस वेहोराको रसिद गर्नु भनि रसिद लेषना मसौदा समेत उतारि कागज पठाउनुः तिमीहरू-संग १७ पट्टि पिपा गयाका हुन्. आजसम्म कति ताहा वाकि छन् कति जाहा आया फाट उतारि पठाउन्या काम गर औ टिमुन्या गाउदेषि कोशभरः भिर चह्राउः गै थपुं वन्याका रह्या छनः ताढा देखि रसद ली आउन्यालाई. साह्रै कठिन हुन्या रहेछ कठिन भया पनि दुवै ठाउंमा राषन्या होकि औरज्याल टिमुन्यामा राषन्या हो भनि लेष्याका कुरालाई. कपतान दलजित विष्टलें ताहा राष्या को ज्मादार ञमान षतूलाई अह्राया वमोजिमका जगा-मा राषन्या काम गर्नु शुभम्-

पौष सुदी १२ रोज १

ताहापछि श्री प्राइममिनिष्टरवाट श्री जनरल रणउद्दीप सिंह कुवर राणाजीलाई लेषि गयाको. धर्म नारानले. थैलो पुऱ्याउला भन्या कवुलीयत कौसिमा छः त्यो कवुलियतको नकल पठाई वक्स्या कवुलीयत वमो-जिम काम गर्दा हु भनि लेषियाका कुरालाईः धर्म नारान ले थैला पुऱ्याउला भनि लेषि दियाका कवुलियतको नकल पठाई दियाको छ. पुगला सो वमोजिम काम गर्नु जुन जिल्लावाट रसद वोकि ल्याउछन् उसै जिल्लाका वयेल टटू ल्याई भैंस्या पठाउंदा रैति साह्रै कराउछन् रसद कम भयो. तसअर्थ जुन जिल्लाको रसद वोकनु पर्दैन. उनै जिल्लाका वयेल टटुको वन्दोवस्त गर्नु. वेपा-रिका येति वयेल टटुले वया हुन्छ. भनि जील्लै सप्तरि महुतरीतिर काजि षजांचिलाई षटाई पठाउन्या पुग्याका ११ दिनका दिन रवाना गर्यौनौ भन्या जरिवाना होला भनि काजी षजांचीले षटाई पठाउन्या काम गऱ्या. भनि लेष्या का अर्थ वढिया गऱ्या छौ. काजि षजांचिले हेटौडादेषि भिंफेदीसम्म. रसद पुऱ्याउनालाई वयेल टटुको वन्दोवस्त गर्छौं. निजका भाडालाई कंपनि रुपिया ३७ हजार गयाको हो ति रुपियाले काहाका वयेर टटुको वन्दोवस्त गरि कति रसद भींफेदी तरफ चलान गऱ्या छन् क्या वन्दोवस्त गऱ्या छन सो वुझि काम गऱ्या वढिया होला वांकि २ हजार थैला तयार गर्नालाई मैले अंदाज गऱ्या ज्मा वंदिमा हाजिर गर्दा काममा लाग्या मानिसको वाभिल वाकि गरि चह्राई पठायाको छ नजर भै मनासिव र वेमनासिव जो ठहर्छ भनि लेष्याका कुरालाई यो वन्दोवस्त गरौला भनि तिमीलाई पठायाको हो. तिम्रा तजवीजले राषी काम चलाउन्या काम गर्न्यै छौ भिंफेदी पिपाका देरामा राख्याको भारी ४ जलेछ भनि लेष्याका कुरा ति चार भारि विगर्न गयो तापनि. अव उप्रांतको षवर्दारि राषनु भन्या उर्दि वेस गरि दिन्या काम गर्नु शुभम्-

पौष सुदी १४ रोज ३ मा

श्री जनरल कृष्ण वहादुर कुवर राणाजीवाट पाल्पा पोखरा तार्कु प्यूषा गोर्षा थुम्थुमलाई लेषि पठा-याको रसद उठाउन जान्या पट्टीका नाउंमा. चाडो रसद

उठाउनु भन्या वेहोराको दस्षट् चिठीमा षामि पठायाको छ ताहा आई पुगना वित्तिकै एक छिन विलंव नगरि जाहा २ पट्टी पुग्याको छ उसै उसै ठाउंमा पुगन्या गरि पठाइदिनु. आफुले भेटेका दुनिआ गैह्रलाई येस्ता चिठी आयाको छ भनि उदि दिदै रहनु शुभम्-

तस्तै वखतमा श्री प्राइममिनिष्टरवाट सुवेदार फत्यसि कार्किलाई लेषि गयाको भारि वोकन्या चौरि. गोरु ज्मा ६।७ सयं रह्या छन् भन्या विस्तार स्मेत. जो भयाको विस्तार विति गरि पठाउन्या काम. वढिया गर्न्या छौ. भारि वोकन्या चौरि गैह्र रुपिया दि षरिद गर्न्या काम नगर्नु भारि वोकन्या चौरि गोरु ज्मा गरि काज चल्याका वेलामा ज्याला मजुरिको वन्दोवस्त गरि चैत वैशाषमा दुज्मा भयाका चारी गोरु गैह्रको ज्याला मजुरिमा गुहारि र गरौला भन्या रैतानको मुचुल्काली चौरी गोरु गैह्रको ज्माको १ कागज तिमीहरूले ली येक कागज र चौरी गोरु किनलाई तिमीहरूले लै गयाका रुपिआ स्मेत लेफटेन चन्द्रविर विष्ट लेफटेन नरध्वज कार्किका जिम्मा वुझाई वुझायाका निज लेफटेनको भरपाई लि तिमीहरूका संगमा लै गयाका हुंदा सिपाहि स्मेतलाई लि चाडो आहा सामेल हुन आउन्या काम गर शुभम्-

पौष सुदि १५ रोज ४ मा

श्री प्राइममिनिष्टरवाट कम्याण्डर कर्णेल षड्ग वहादुर कुवर राणाजिलाई लेषि गयाको कम्याण्डर कर्णेल षितावको भेटमाझा असर्फी १ पठायाको आइपुग्यो मध्येसको रसद पाहाडका दुनियालाई वोकाउनु भनि मर्जि भयाको हो पाहाडका हामीले मध्येसको रसद पनि वोकनै पर्न्या छ भन्यापछि वर्षाको याम षेतिपातिको वेलामा मध्येसको रसद वोकनालाई कठिन पर्ला आजकाल मध्येसको रसद पनि वोकि वलाङचुङ पुग्याउछु पछि फौजलाई रसद पुगेन भन्या हामीलाई लाग्याको दरवंदि वमोजिम अनाज वलाङचुङमा पुग्याउला भन्या दुनिआको आसये देषता. विति चह्राई पठायाको छ भन्या विस्तार लेष्या कुरालाई जुमलामा कम्याण्डर कर्णेल कृष्णध्वज कुवर राणाजि. लिस्तिमा श्री जनरल धिर शम्सेर जङ्ग कुवर राणाजिले आफ्ना आफ्ना तर्फलाई चाहिन्या वाटा घाटा किल्ला षजाना रसद तयार गरि सक्या तैले वातपिछे साधक पठाई आहावाट जवाफ गया पछि कैल्हे काम गर्लास् दुनियाका वढिया आसये रहेछ अघि मध्येसको रसद वोकोस् गर्मिको याम आयापछि पाहाडको रसद वोकाउन्या काम गरि हिउदमा हिउ पर्न्या जगाको दोसांध पारि फौज वस्न्या जगामा वाह्रै महिना हिउ पर्न्या. फौजलाई सुमितासग वस्नु हुन्या जगा हेरि फौज राषन्या काम गर्नु रसद ज्मा भयाको हाजीर महिना महिनामा पठाई दिनु ताहाका फौजलाई वर्ष दिन षानालाई रसद पर-सारी आहा केरु कुटीवाट जान्या फौज दिगर्चा पुग्दा ताहाका चौरी लुलु भेंडा टटुलाई वोकाई कतिसम्म डिगर्चाका फौजलाई रसद पुग्या. उन सकलास् तजविज गरि लेषि पठाउंदा काम गर केहि गरि हटि या. च्यांटामा भोटे आयो भन्या. ति भोटेलाई रसद नदिनु. गाउमा आगो लगाई आफ्ना गाई भैंसि माल मत्ता ली वनवस्नु अथवा अन्यत्र सर्नु भनि उदि पनि दे. दस्षत पनि पठाई राख र षान नपाया आफै अभयाका ठाउ ति भोटेले आउनु पर्छ पामाखा पूर्व: अरूण पश्चिम को रसद तुमलिटारमा राषन्या. तजवीजका कुरालाई तुमलिङमा रसद राषनु हुदैन राषन्या काम नगर. वाकि कदाचित. तेस अडालाई मदत पुगेन भना निमित्त. सम्सेर दल पल्टनका निसानभित्र नआ सम्सेर दल पल्टन जमाई कपतान १ लेफटेन १ सुवेदार १ ज्मादार १० कोत्या मेजर अजोटन ३ हवल्दार २० अम्वलदार २० सिपाहि ६१ पिपा ज्मादार २ पिपा हवल्दार २ पिपा १०० षडा गर्नु भन्या ठहरि १३ सालका वालिलाई आहावाट षानगि भर्ना दि कपतान जङ्गवहादुर षर्ति. साल १९१३ को श्री जङको तेरा छोरा. का षानगीमा लेफटेन उधोसि कार्किलाई दर्शन गरि पठायाको छ. सुवेदार वसन्त गीरि १२ साल कालिलाई कम्पुमा सुवेदारि भयाको थियो. कंपूवाट झिकि ताहा पठायाको छ. येसलाई षानगि आहिवाट भर्ना भै आउन्या छ १३ सालको सम्सेर दलको पजनीमा सरह वमोजिम थमौति गराई दिन्या काम गर्नु भर्ना गर्नु. पर्न्या ज्मा मध्ये आधा तैले ताहा भर्ना गर्नु आधा आहिवाट भर्ना गरि लेषि पठाउला १३ सालका वालिलाई षानगि भर्ना भयाका कपतान लेफटेन

सुवेदार ३ वाहेक १२ साल वैशाष वदि १ रोज देषि मैल्हावारि दर्माहा षान्यहरू वर्ष दिनको ज्मा वन्दिको कागज पठाई दियाको छ येस हिसावले मैल्हावारि दर्माहा जति दिनु पर्छ तजवीज गरि १२ साल तलव दे ताहाका कम्पुमा पल्लो किरातका षेतका वालिले तलव वाडि दिनु. कंपुलाई सट्टा आहा दुकितिवाट मिलल्ला. दुनियादार वेपारिहरू अघि देषि दोर्ज्येलिङ सुषिम तरफ जान आउनु गर्दा रह्या छन् इनलाई पनि येस माफिक. गर्नु भन्या सिक्षा आया सो वमोजिम गरुला भनि लेष्याका कुरालाई वेपारिहरू गैह्र सिपाहि स्मेतलाई जान आउन दिनु हाम्रा मुलुकका स्वास्निहरूलाई अघि पठायाका. ऐन वमोजिम जान नदिनु मुन्सी राषन्या कुरालाई मुन्सी रहदैन फार्सि चिठी कतैवाट लेषि आयो भन्या फार्सि लेषन्या मुन्सी आहा छैन नागरि अक्षर लेषि पठाउनु भनि फार्सि चिठी फिर्ता गरि पठाई दिनु. चोर मोटेका स्वास्नि हरूको विस्तार लेषन्या. कुरालाई ति मोटेनिहरूलाई लिलाममा विक्री गरी मोलको रुपिआ आम्दानी वाधी राषन्या काम गर्नु औ तेस तरफलाई २ टोप लैजानु भन्याको हो अवर छ तोप लैजान पन्यो तसंग रह्याकामा २ तोप तयार गर्न्याको होला ४ तोपलाई ताहा तेरा तजवीजमा ठहर्न्या तोप छ कि छैनन्. नभया लेषि पठाउन्या काम गर्नु. तोपको सराजाम पनि जो जो चाहिन्छ लेषि पठाउन्या काम गर्नु-

षामित्रको

१३ सालका वालिलाई दर्शन गर्न्या	जना	वर्ष १को	ज्मा
कप्तान तेजवहादुर घर्ति	१	२७५०	२७५०
लेफटेन उधौसि कार्कि-	१	९७५	९७५
सुवेदार वसन्त गीरि -	१	६७५	६७५
	३	×	४४००।

१२ साल वैशाष वदि १ रोज देषि मैल्हावारि दर्माहा षान्या

ज्मादार-	१०	२०५	२०५०
अजिटन-	१	२००	२००
मेजर-	१	१२५	१२५
कोत्या-	१	१२५	१२५
हवल्दार-	२०	६०	१२००
अवल्दार-	२०	५५	११००
सिपाहि	५६१	५०	२८०५०
पिपा ज्मादार-	२	५०	१००
ऐ हवल्दार	२	४०	८०
पीपा	१००	३६	७६००
	७१८		४१०३०
	७२१		

ताहापछि श्री प्राईममिनिष्टरवाट श्री जनरल रणउद्दीप सिंह कुंवर राणाजीलाई लेखि गयाको दानापुरवाट धान कुटन्या निफन्या कल हाल्याका सन्दुस ३ सुगौलिमा आइपुग्या. लिन पठाउ भन्या वडा साहेववाट इतलाये गरि पठायो तस अर्थ ताहावाट ३ सन्दुसलाई १६ जना पिपा र येक जना कोत्या पठाई ति सन्दुस वहुतै सह्यार संभारसंग सुगौलिवाट वोकाई पठाई दिन्या काम गर. यो कल वडा साहेवको माल असवाफ रहन्या जौन गोदाम हो उहि गोदाममा छ यो चिठी पुग्नी मात्र मानिस पठाई तुरंत चाडो पठाई दिन्या काम गर चुरिया षोलि गाडा चलन्या र पिपालाई सामल वोकना निमित्त दस माना जान्या वोराको. वाहिरी. कोराको भित्री भयाको थैला ६ हजार षरिद गरि स्यून लाजा भनि लेष्याका कुरालाई श्री ५ सर्कारको किफाये रहुज्या र. पिपाहरूलाई षाचो नहुन्या तजवीजसंग काम गन्या छौ. वढिया हो. मुषिया नौसिदाहरूका तलवका कुरालाई १।२ दिनपछि दस्तावेज गरि पठाई दिन्या काम गरियेला शुभम्-

माघ वदि २ रोज ६ मा

श्री प्राईममिनिष्टरका हजुरमा श्री जनरल रणउद्दीप सिंह कुंवर राणाजीवाट लेषि चह्राई पठायाको. काजि षजांचिले हेटौडा देषि भिंफेदीसम्म रसद पुऱ्याउनालाई वयेल टटुको वन्दोवस्त गर्छौ निजका भाडालाई कंपनि रुपिआ ३७ हजार गयाको होति रुपियाले काहाका वयेल टटुको वन्दोवस्त गरि कति रसद भिंफेदि तरफ

चल्यान गऱ्या छन् क्या बन्दोबस्त गऱ्या छन् सो बुझि काम गऱ्या बढिया होला भनि लेषि बक्सनु भया अर्थ रुपिया ली कडखानामा राख्याका रह्या छन् बयेल टटुको बन्दोबस्त अज गऱ्याका रहेन छन् र तिमीलाई त्यो रुपिया-को थुप्रो मात्र राषन दियाको होइन आजसम्म बन्दोबस्त नगरि क्या गरि रह्याथ्यौ मन्दा इ रसद लाग्याका ४ जिल्लालाई बयेल टटुको बन्दोबस्त गर्नु भयेन मोगला-निआहरू मांग्या भयेनन् भनि भदा सप्तरि महुत्तरिलाई रसद लाग्याको थियेन भनि तिनीहरूलाई थाहँ छ इ रसद नलाग्याको जिल्लामा बन्दोबस्त नगरि क्या गरि रह्याथ्यौ भनि षटायाका आज ९।१० दिन भयो अबका ६।७ दिनमा ता केहि बयेल टटुको बन्दोबस्त होला माहाजनका बयेल टटु ८०।९० सम्मले रोजको मैस्या-सम्म चावल बोकछन् इतिलाई पनि तिन तिन दिनको रसद बोकन्या पालो गरि दियाका छन् मैस्यामा र भिफेदिमा गोदाम घर ६०।७० हात लगाई १२।१५ हात गजसम्मको बनाउनु भनि कपतानलाई अह्राया यो बनाउनलाई झारा लाउ भंदा २।४ फेरा भयो अब १० पैसा ज्याला दि बनाउन्या हो कि झारा गरि बनाउन्या हो. जो मर्जि. बोराका थैली राषि चल्यान गऱ्याका चावलका भारी बिसायाका ठाउमा चुहु छन् भनि भन्छन् त्यो थैली फेरी अन्त चलाउन पऱ्यो भन्या काम लागैन भन्या जस्तो लाग्छ उस्मा पनि बोराको थैला बराबरको बोराको थैला आउदैन मुष मिल्याको थैलीमात्र षोजी हालौ भन्या थैला कम भयो भन्या अडा अडाका पिपा षलासि बेकाममा रहन जाला भन्ना निमित्त मुष स्यून नहुन्या भया पनि माथिबाट बोराले ढकाइ भरिसक्य मजगुत गरि सिलाई पठायाको छ तर टाटको थैला भया देषि वर्षन् वर्षलाई पनि बिग्रैन भन्या झैं लाग्छ जो मर्जि बयेल टटु आउन ढिल हुन जाला भंना निमित्तले म पनि सप्तरि गया माघका २०।२५ दिनसम्म मा राजीवाजी गराई पायासम्मको काम गरौला ४।२ सये आजका १०।१२ दिनमा आइ पुगला साठि सारिका रातो चावल मोहरुपिया १ को १३ पाथि भरि लिनु भनि मर्जि भयाको हो रैतिहरूका नाममा रसदको मुदाम गरिबक्सनु भयाको दस्षतमा भन्या षश्रामसिना १२ पाथिका भाउमा ४।५ दिनको बाटो बोकि पुऱ्याउनु भन्या बेहोरा लेखियाको रहेछ त्यो दस्षत भन्या काजि षजाचिले पढी रैतानमा सुनायाका रह्या छन्. आहा गोदाममा भन्या रातो चावल १ हिसा सेतो चावल २ हिसा आउदो रहेछ रातो चावलको १३ पाठिको भाउ सुनाया पछि सेतो चावलमा भाउ घटाई देउ भनि रैति-हरूले पछि उजुर गर्नन् कि आहा २।४ जना रैतिसंग मन्दा भन्या हा-लाई षश्रामसिनाको येकै भाव भन्या दस्षत भयाको छ भन्छन्. कसो गऱ्या हो. दानापुरबाट धान कुटन्या निफन्या कल ह्वलन्या सन्दुक ३ पिपा कोल्या षटाई लिन पठाउन्या काम गऱ्या शुभम्-

माघ वदि ३ रोज ७ मा

ताहापछि श्री मिनिष्टर जनरलबाट सुवा बिर भजन माझिलाई लेषि गयाको जुमलामा श्री कम्याण्डर कर्णेलबाट २८।२९ हजार सिका फिराई पठायाको छ. तिमीले बट्टाइ गरि ल्याउनु सल्याना तरफको रसद पनि तिमीले बन्दोबस्त गर्नु भन्या लेषि आयो भन्या विस्तार समेत लेषि पठाउन्या काम बढिया गऱ्या छौ जुमला श्री कम्याण्डर कर्णेल माइबाट रुपियाको बट्टाइ समेत सल्लाना तरफको रसदको बन्दोबस्त गर्नु भन्या लेषि आई थामि-याका छौ. भन्या बढिया भयो सो कुरा नआई कामको निहु गरि उसै रह्याका छौ भन्या आजसम्म मुहुदामा हाजिर नभयाको कुरा तिमीले बुझाउनु पर्ला. जरिवाना समेत होला नी. २८।२९ हजारको बट्टाई गर्दा तेरा तरफ को मानिस समेत साछी राखी बजारमा चल्याका भाउमा बट्टाइ गरि दिनु भन्या र श्री बरष पल्टनलाई तयार गऱ्या का षरषजाना. बाहेक गोलि र तोस्दानहरू छन् भन्या. ती दस्षतले नसध्याका गोलि र तोस्दानहरू दिनु भन्या श्री कर्णेल केदार नरसिंह कुवर राणाजिलाई लेषि गयाको छ. सो बमोजिम रुपियाको बट्टाई र गोलि तोस्दानको बन्दोबस्त र सल्यान तरफको रसदको बन्दोबस्त गरि चाडो आफना अडामा जान्या काम गर शुभम्-

माघ वदि ४ रोज १ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल बद्री नरसिंह कुवर राणाजीबाट लेषि चह्राई पठायाको. फौज नबढाई हवैन भनि आहा ६।६ सयेका पल्टन २ नया भर्ति

गरि येक पल्टन धनकुटा तरफ जान्या भयो. यस्तर्फ वढीया ढाक्या मिल्दैन. तस निमित्त तेंस तरफ जमाजगामा सिपाहि हुन्या घरानाका लायेक मानिस झिकाइ.ता हा तँले मर्ना गर्नु पर्न्या जवानको रैवन्दी र ज्मादार २० के दर २०५ को न्या २ के दर १२५ मेजर २ के दर १२५ अजिटन २ के दर २०० लँन हवल्दार २ के दर ७५ अगाडि निसान २ के दर ६० पछाडि निसान २ के दर ५५ हवल्दार ४० के दर ६० अमल्दार ४० के दर ५५ सिपाहि ११२२ के दर ५० वर्ष १ को येहि दरले हिसाप गरि १२ साल वैशाख वदि १ रोज देषि मैनावारि दर्माहि पाउन्या छन् भनि सुनाई चाडो मर्ना गरि जाहा पठाई दिन्या काम गर्नु कपतान. लेफटेन. सुवेदार. षर्दार जहावाट मर्न्या हुन्या छन् भनि लेषि वक्स्याकार्थ आटचापछि वेला अनुसार काम गरिवक्सीयेछ. मुनासिव हो. मलाई वहुतै मेहरमानी गरि वक्सियेछ. मुलुक. आफु ले वुझ्याको छैन. आवादानी. कमति हुनाले. कठीन पर्ला कि भन्या जस्तो लाग्छ भरमगदुर गर्दा जाहासम्म सकुला नीगहा रहन्यै छ काम गर्न्या र हजुरको प्रजा हो दस्षत १ को मसौदा चह्राई पठायाको छ छाप लाई वक्स्या जाला सिक्ष्या लेषि वक्स्या वमोजिम मानिस झिकाउन ठाउं ठाउंमा हुदा सिपाहि षटाइ पठाउ या काम गर्न्या ५।७ पर्गरि हुदा सिपाहि गरि ४०।५० जनालाई दर्शन गराई दिन्या काम भयो ५।७ दिनमा मुहुर्त हेराई हजुरको मर्जि वमोजिम काम गर्न तानसेन तरफ जान्छु त्यहांवाट चाजो पर्न्या रहेनछ भन्या पोषरातिर जान्या काम गर्छु. दर्माहा. पाउनु पर्न्या क्या रुपिञा हुन् षोलि आयेनछ दर्सन गर्न्यका जवान साल तमामि षोलिन्या हुन कि र दलवदल हुंदै रहन्छ मोष्टाङवाट ९ दिन मा झुगा पुग्न्या रहेछ. लेफटेन अम्वर सिं कुंवर राणाजि श्री वरष पल्टनको ज्मादार हुंदा स्मेत पट्टि १ सिपाहिलाई गोलिगडा षर्च जाना स्मेत दिमाहावाट फागुन लाग्न्या संक्रान्तिका भोलि पल्ट मोष्टाङ्ग पठाई तेसतर्फका चौरी झोवा. लुलु. षचर. गदाहा. भैंदा गैंह्र भारि वोकन्या जनावर ५।७ हजार ज्मा गरि राषनु फागुनका १० दिन वांकि सम्म जस जसका भारि वोकन्या जनावर छन् तिनहरूलाई आफ्नु वंद वेपार चलन गर्न दिनु. वाहापछि कसैले दवाउनु छ पाउनु नपाउन्या गरि ज्मा गर्नु. ति जनावरलाई रसद वोकाई वैशाष लाग्न्या संक्रान्तिका दिन झुगा पुगन्या गरि श्री वरष पल्टन. स्मेत. लेजानु पर्न्या छ. रसद षरिदलाई वेनि वाग्लु र दान मन्सारवाट. रुपैया लिनु भन्या दस्षत ५।७ दिनमा पठाई दिन्या काम गरियेला. सोहि दस्षत वमोजिमका रुपैया ली. ज्मा भयाका जनावरले वोकन सक्यासम्म पाया करुको सत्तु नपाया जौको सत्तु. त्यो पनि नपाया चावल च्यूरा उवा फापर येतिमा जो पाइन्छ पायासम्मको रसद षरिद गरि मोष्प झुगामा रह्याका पल्टन समेतलाई पुगोस. नभया श्री वरष पल्टनलाई रसदको हरकट नहुन्या गरि ज्मा गर्नु भन्या कुरा अह्राई नीज लेफटेन र ज्मादार हुदा स्मेत पट्टि १ लाई हिडाउन्या काम गर्नु भनि लेखि वक्स्याका कुरालाई रसद षरिद गर्न्या दस्षत आई पुग्या पछि मर्जि वमोजिम मजकुर लेफटेनलाई काम काजको इझार लेषि दि. अह्राई पठाई. फागुन लाग्या संक्रान्तिका भोली पल्ट. मोस्टाङ्ग तर्फ र मान्या गर्न्या काम गरुंला रसद षरिद गर्न्या रुपियाको तहविल लेफटेनसंग रहला. आम्दानी षर्च लेषन्या वहिदार १ पठाउन्या तर्जुमा गरिरहेछु षरिद गर्न्याका रसद झुगामा चलन नहुंज्याल ज्मा गरि राषनालाई गोदाम घर कस्ता वेहोराले वन्द छ. ज्मा गर्न्याका जनावर गैंह्र फागुनका १० दिन वाकिसम्म जसजसका छन् तिनीहरूलाई वंद वेपार गर्न दिया. आखिरी अवस्ता छ. आफ्नु तालुकवाट गयाका जनावर दवाई अथवा सिमाना कटाई लुकाउनन् कि भन्या जस्तो लाग्छ निजमा भयाका जनावरलाई षानाको र चह्राउनाको क्या वेहोरा गर्न्या हो. रसद झुगा पुऱ्याउन. अर्को कोहि मानिस अषतियार हुंछ कि. पल्टन मार्फट लैजान्या हो फागुन निकल्दा वांकि रह्याको श्री वरष पल्टनलाई गह्रा पत्थर जो चाहिन्या षर्च जान्या स्मेत मोस्ताङमा नीज लेफटेन संग सामेल भैरहनु भनि अह्राई पठाउनु. जाहावाट झुगा जानु भन्या लेषि गयापछि मोस्टाङवाट लेफटेन स्मेत श्री वरष पल्टनका चाद तोडदिनु भनि मर्जि वक्स्या वमोजिमको दिन्या काम गरुला. नसिहत वमोजिम काम कुरा गर्दा केहि पुगनपुग पछि जाहेर हुंदा मेहर्वानिगि वक्स्या जाला उपेन्द्र कार्की सर्दारको छोरा विरुराम

कार्की अघि कंपूमा सुवेदारी भयाका रह्या छन्. पछि भाईहरूले पनि सुवेदारी दिंदा लेफटेनीको जगरली रह्याका रह्या छन्. घरानिया पनि हुन्. पल्टनिया. काम कुरा र कवायेतको बेस सिपालु छन् उमेर पनि पगरि लायेकको छ. सुवा लालका भाई रत्नमान पनि लायेकको मजवुत छ. वन्दुक पनि वेस हान्दछ. कचहरि देष्याको. काम कुराको पनि, सिपालु छन्. नेवार पनि हुंदैन. सुवेदारीका मर्दा मरन सकन्यै छ आहाका वासिंदा पनि रह्या छन्. तिनीहरूले जोर जम्मा गर्या मानिस पनि येक कडा होला भन्या जस्तो लाग्छ. नीजहरूलाई मेहनवानगी गरि वक्स्या आफ्ना आफ्ना पल्टन षडा गर. पछि रुपिया समातियेला भनि तनकि लगाउन मोजा मिलन्या छ. पीषाको पनि चाडो वन्दोवस्त गरिवक्स्या वढीया होला मुकाम डटौल शुभम्-

(क्रमशः)

चन्द्र शम्शेरको प्रधानमन्त्रित्वकालको एक सनदको आधारमा कानूनी व्यवस्थाको सन्दर्भ

—सुशीला मानन्धर

नेपाल तथा एशियाली अनुसन्धान केन्द्रको सङ्कलनमा रहेको उप–प्राध्यापक राजाराम सुवेदीद्वारा सङ्कलित गलकोटका पुराना कागजपत्रहरूको केही फोटो कपीहरूमध्ये एक सनद पत्रमा प्रस्तुत (Seals) छाप–हरूमा यस लेखिकाको ध्यानाकर्षण हुन पुग्यो । सोही सनदलाई आधार बनाई यो लेख तयार गरिएको छ ।

यस पत्रमा प्रस्तुत केही छापहरू हालसम्म प्रकाशमा आएको देखिएको छैन न त हालसम्म अध्ययन गरेका अप्रकाशित कुनै कागजपत्रमा नै देखिएको छ । यस पत्रमा ४ ठूला (Seals) छापहरू र ४ औंठी छापहरू गरी जम्मा आठ वटा छापहरू क्रमबद्ध रूपमा लगाइएका छन् । ती छापहरूमध्ये सर्वोच्च स्थानमा प्रधानमन्त्री चन्द्र शम्शेरको र त्यसपछि कमाण्डर इन चीफ भीम शम्शेरका छापहरू रहेका छन् । यी दुवै छापहरू पूर्ण गोलाकार भई घेराको चारैतिर त्रिभुजाकार वृत्तहरू कोरिएका छन् । यी छापहरू मध्ये एउटामा देवनागरी लिपिबाट "श्री ३ महाराज चन्द्र शम्शेर जङ्ग राणा बहादुर प्राइममिनिष्टर यांक मार्शेशलुक नेपाल" उल्लेख गरी बीच भागमा २ वटा खुकुरीहरूको क्रस चिह्नको बीच भागमा रोमन लिपिमा "CHUNDRA" लेखिएको छ भने अर्को सीलमा त्यस्तै प्रकारले "श्री कम्याण्डर इन चीफ जनरल भीम शम्शेर जंगराणा बहादुर नेपाल" र "BHIM" उल्लेख गरिएको छ ।

यी दुई पदहरूका छाप यसरी यति साधारण ढङ्गबाट र गोलाकार रूपमा छापिएको यसै पत्रमा मात्र पाइएको छ । अन्य पत्रहरूमा यी पदका छापहरू अलिक लाम्चो खालको गोलाकार हुनुको साथै प्रशस्ति सहित उल्लेख गरी सकेसम्म ३,४ भाषा र लिपिबाट प्रस्तुत गरेको हुन्छ । साथै सूर्य, चन्द्र, षड्ग एवं अन्य राष्ट्रिय चिह्नहरू पनि सीलको शिरोभागमा सजाइएको हुन्छ । उदाहरणार्थ प्रधानमन्त्री जङ्गबहादुर र चन्द्रशम्शेरका सील छापहरूमा उल्लिखित शब्दहरू– "श्री ०००० (इस्ट देवता) शरण श्री श्री मद्राज कुमारात्मज श्री प्राइममिनिस्टर यान कम्याण्डर इन चीफ जनरल जङ्ग बहादुर राणाजी..." । यो प्रशस्तिको ठीक तल उर्दूमा र घेराको वरिपरि रोमन लिपिमा सोही कुरा उल्लेख गरिएको छ भने शिरोभागमा चन्द्र र सूर्य चिह्न । त्यस्तै "श्री मदति प्रचन्द्र भूजदण्डेत्यादि श्री श्री श्री महाराज चन्द्र शम्शेर जङ्ग राणा बहादुर ।" यसलाई उर्दू र हिन्दी समेत गरी ३ भाषामा उल्लेख गरिएको छ भने शिरमा राष्ट्रिय चिह्नहरू सहितको सजावट रहेको छ । कुनै कुनै सीलहरूमा सो प्रशस्ति तिब्बती भाषा र लिपि-मा समेत गरी एकै लिमा सीलमा ४ भाषा उल्लेख गरेको

पाइन्छ। कम्याण्डर इन चीफको सील पनि त्यस्तै प्रकारले सजाइएको हुन्छ तर आकारमा केही सानो हुन्छ। प्रधानमन्त्रीको अर्को छाप खड्ग निसानी सील हो। जुन कि वीर शम्शेरको शासनकालमा बनेको थियो भने चन्द्र शम्शेरले सन् १९१७ (१९७४ सालमा) यसको बेग्लै एक अड्डा खडा गरी पजनी, प्रधानमन्त्रीबाट वितर्ा प्रदान, जुवा फुक्दा, कुनै अड्डालाई आदेश र निर्देशन दिने एवं प्रधानमन्त्रीको कार्यालयसँग सम्बन्धित सबै कागजपत्रमा यो छाप लगाई निर्णय दिने चलन चलाएका थिए। यस सीलको माथिल्लो भागमा तरवार र तल प्रधानमन्त्रीको हस्ताक्षर हुन्छ (यादव- २०४०, राजविराज, पृ. ३७५)। हालसम्म हस्ताक्षरयुक्त सीलहरू देख्न पाइएको छैन। पुस्तक पनि यस विषयको स्रोतबारे मौन रहेको पाइन्छ।

प्रस्तुत कार्यमा प्रधानमन्त्री र कम्याण्डर इन चीफका माथि उल्लिखित खालका सीलहरू नभई साधारण नाम र पद मात्र रहनुको साथै अन्य चिह्नहरूको ठाउँमा खुकुरी मात्र रहनु यसका विशेषता मान्न सकिन्छ।

फोटोकपी अस्पष्ट भएको हुनाले तेस्रो सील राम्ररी पढ्न सकिएको छैन तापनि छाप लगाइएको स्थान पत्रको विषयवस्तु र छापमित्रका पढ्न सकिएका केही अक्षरहरूको आधारमा अनुमान गर्न सकिन्छ कि यो छाप तत्कालीन परिप्रेक्ष्यमा कम्याण्डर इन चीफभन्दा तल्लो तर इटाचपली अदालतभन्दा माथिल्लो कुनै राणा प्रशासकको मातहतमा रहेको अड्डाको छाप हुनुपर्छ। संभवतः यो इटाचपलीले लगाइएको नगद दण्ड बुझाउने अड्डाको छाप हुन सक्छ। यसका बीच भाग र प्रथम घेरामा कुँदिएका पढ्न सकेका अक्षरहरू मध्ये "नगद चालिस ... १ ... जङ्ग देव ..... पांच रुपैयां ....." बुझिएका छन्। यस कुराहरूबाट यसै कागजपत्रमा उल्लेख भएको "तहवील" को छाप हो कि भन्ने अनुमान लगाउन पनि सकिन्छ। पत्रमा "..... जितावरी रू. ५।- र टिकट दस्तुर रु. ९।- जम्मा मोरु. ५९।- यही मात्र ११ रोज ७ मा तिमीहरूले बुझाउँदा ..... बुझी ली सुब्बा गंगाधर षन्याल, डिठ्ठा बलभद्र छत्कुलि, डिठ्ठा इश्वरीप्रसाद पाध्या मार्फत ..... तहवीलदार रुद्रलाल उप्रेती जिम्मा सोही राजधानी फौजदारी अदालत इटाचपलीका तहवील दाखिल भएको हुनाले ... ... (मूल पाठ २८ देखि ३२ हरफसम्म) भन्ने उल्लेख भएको छ। अदालत इटाचपलीका तहवील भनी लेखिएबाट तहवील भन्ने अड्डा एक छुट्टै अड्डा नभई इटाचपली अदालतभित्रको एक सानो इकाई वा शाखा जस्तो मात्र देखिन्छ र यस्तो शाखाको छाप इटाचपली अदालतको भन्दा माथिल्लो स्थानमा लगाइएको होला त भन्ने आशङ्का हुन्छ। तर तीं माथि उल्लिखित हरफहरू अध्ययन गरेको खण्डमा "तहवील" इटाचपली अदालतभित्रको इकाई मात्र भए तापनि यो एक उच्च ओहदाको शाखा जस्तो प्रतीत हुन्छ। किनकि झगडियाहरूले सोझै तहवीलमा सम्पर्क राख्न नपाउने इटाचपलीका सुब्बा र डिठ्ठाहरू मार्फत भई तहवीलमा दस्तुर बुझाउनपर्ने स्थिति यस सनदपत्रले अनाएको छ। यसरी यो सोझै झगडिया वा दुनियाको सम्पर्कमा नआउने उच्च वा गोप्य शाखाको रूपमा रहेको देखिन्छ। यसकारण यसको सील उच्च स्थानमा हुन सक्ने देखिन्छ। तर यसबारे अन्य जानकारी प्राप्त नभएसम्म यो छाप कुन अड्डा र न्यांकको हो भन्ने किटान गर्न गाह्रो पर्छ।

बाँकी ४ वटा औंठी छापहरूमा क्रमशः श्री गंगाधर, श्री बलभद्र, एक अस्पष्ट र अन्तिम श्री रुद्रलाल भन्ने नाम उल्लेख भएका छन्। यी छापहरू यसै सनद पत्रमा उल्लिखित सुब्बा गंगाधर, डिठ्ठा बलभद्र, अस्पष्ट (संभवतः डिठ्ठा ईश्वरीप्रसाद वा तहवीलदार मोतिलाल) र तहवीलदार रुद्रलालका छापहरू मान्न सकिन्छ।

यस पत्रमा स्पष्टसंग "राजधानी फौजदारी अदालत इटाचपली" भनी किटान गरेको छ। यसबाट एकातिर हड्सनका अदालतहरू काठमाडौंमा स्थापित छन् भन्ने भनाईलाई पुष्टि गर्छन् भने अर्कोतर्फ यी ४ अदालतहरूले जेसुकै विषयको मामला हेर्ने पाउने व्यवस्था थियो भन्ने भनाइ (Gimelette, 1928, London, P. 212) लाई गलतसिद्ध गरिदिएको छ। अदालतको नामबाट नै इटाचपलीले फौजदारी मुद्दा मात्र हेर्ने

अदालत हो भन्ने स्पष्ट पारेको छ। हड्सनको यो भनाइ चन्द्र शम्शेरको शासनकालभन्दा अघिको परिप्रेक्ष्यमा ठीकै रहेको देखिन्छ। किनकि त्यस समयमा नेपालका ४ सदर अड्डाहरू इटापली (Ithapali) ले फौजदारी र सरकारी जग्गासम्बन्धी, कोटलिङ्गले निजी जग्गा, सम्पत्ति, चोरी आदि सम्बन्धी, धनसारले जालमाल, छुवाछुत खानपीनसम्बन्धी र टक्सारले (Adultery) जारीसम्बन्धी मुद्दा मामलाहरू हेर्ने (Gimelette, 1928, London, P. 90) भनिए तापनि यी अदालतहरू मध्ये कुनै पनि अदालतमा जग्गासम्बन्धी मुद्दा दायर गर्न हुने व्यवस्था रहिआएको थियो भन्ने कुरा १९३० साल चैत्र शुदि १४ रोज ३ को एक पत्रबाट (मानन्धर १९८३, लगनखेल, पृ. १९) जनाउँछ। यसै पत्र अनुसार टक्सार र धनसार अड्डाहरूमा क्रमशः जारी र जातसम्बन्धी मुद्दा मात्र नभई जग्गासम्बन्धी मामला पनि दर्ता गर्न सकिने कुरा बुझिन्छ।

अदालतहरूको उत्तरदायित्वमा भइरहेको अनिश्चितता हटाउन चन्द्र शम्शेरले आफू प्रधानमन्त्री बन्नासाथ कदम चालेका थिए। उनले ४ अदालतहरूमध्ये टक्सार र धनसार अदालतहरू खारेज गरी २ अदालतहरूको स्पष्ट कार्य विभाजन र नामकरण गरिदिएका थिए जस अनुसार "दिवानी कोटलिङ्ग" ले दिवानी मुद्दा र 'फौजदारी अदालत इटाचपली" ले फौजदारी मुद्दा मात्र हेर्ने व्यवस्था भएको थियो (London- 1976, Kathmandu, pp 176-77)। यसरी नेपालको न्यायिक प्रशासनमा चन्द्र शम्शेरले प्रथमपल्ट अदालतहरूको कार्यभारमा निश्चितता ल्याइदिएको थियो।

सोही फौजदारी अदालत इटाचपलीबाट भएको मुद्दा फैसलामा श्री ३ चन्द्रशम्शेरबाट सदर भई जित्नेहरूले जितावरी दस्तुर (Jain, 1972, Agra, Footnote No. 27, P. 167) बहालीमा दाखिल गरिसकेपछि श्री ३ बाट इटाचपली मार्फत जितेकाहरूमध्ये गलकोट निवासी छविलाल षत्री क्षेत्री र उनका जहान मधरा क्षेत्रेनीको नाममा यो सनद बक्सेको थियो। यसका मूल पाठ यस प्रकार छ–

श्री

१) आगे दाषिला आम्दानि गलकोट षस गाउं बस्ने बहादुर छविलाल षत्रि क्षेत्रि मधरा

२) छेत्रेनिहरूके विवाहिता लोग्ने मरि विधवा भै माईत रहेकी गलकोट बस्ने अम्बान छेत्रे

३) निले कुनावाको बीज्येले हो ५५ सालका आषाड–मा पायाका ज्यूडो जातक मार्न र प्रसै

४) बहादुर छविलाल मधरा समेत ४ जनाले पनि सो जातक मारेको जानि जानि मीत्रीकच

५) हरि गरि नीज अम्बानलाई लुकाई भगाई दवाई राखेको र सो कुरा सोही गाउं बस्ने पु

६) नराम गैंन्हे जैशिले हालमसंग भन्दा जाहेर गरेको छु निज ५ जनाले सो गर्न पाउन्य होइन

७) गलकोट सहेला बस्ने बहादुर कुवरको वादि मुचुल्का र निज अम्बान छेत्रेनि विग्रेको र नि

८) जले ज्यूडो जातक पाई मारेको जानि थाहा पाई भित्रि कचहरी गरी लुकाया भगाया दवाया

९) को स्मेत छैन भन्या तिमीहरूको र प्रशुराम कंवर मधरा षडकेनि छेत्रेनि स्मेतको प्रति

१०) वादि भयाका मुद्दामा बुझियाका प्रमाण परिवेडले निज बहादुर स्मेत ४ जनाले अम्या

११) ले जातक पायाको देषे जानेको र सो देषि जानि भित्रि कचहरी गरि निजलाई दवाई लुका

१२) ई भगायाको हो भन्या नभयाको कुरा पोलेकोमा लेषिया वमोजिम गरेको ठहरे घुस षा

१३) याको नहुनाले ज्यान्माराको २८।३१ लवरका ऐनले निज छविलाल षत्रि मधरा येकै

१४) जहान भै मधरालाई केही नहुन्ये मोषे जहान छविलाल र गाउंको मुषिया तालुकदार

१५) हुनाले कैद मैल्हा। ६ छविलाललाई र प्रशुराम वहादुर षत्रि रैति हुनाले मोरू २०।२० ले

१६) ज्मा मोरू ४० दण्ड हुने षत निज बहादुरले पोलेकोमा नठहरी सो पोले वापत ज्यानमारा

१७) का ३४ लंबरका अैनले निजलाई हुने कैदको ४ षंडको १ षंड मैन्हा १।१५ र सो

१८) दण्डको ४ षंडको १ षंड मोरू १० डंड समेत निज बहादुर कंवरलाई गर्‍यो र सो लेषिया

१९) को ज्यानसनवदिको कुरा पोलाई बागि नठहरी जिते वापत ज्यानमाराका ३५ लम्बर

२०) का अैनले ज ही र २।। का दर्ले निज अम्बा छेत्रे-नि स्मेत ४ जनाबाट जितावरी लि जिता पत्र

२१) गरिदिन्ये स्मेत ठहराई राजधानि फौजदारि अदालत इटाचपलिबाट जाहेरगरी हामी

२२) बाट सदर गरीबक्स्याका तजविज पत्र बमोजिम लेषियाका बेहोरासग नमयाका झुठा कुरा

२३) पाल्ये वापत ज्यान्माराका ३४ लंबरका अैनले हुने कैद मैन्हा १।१५ र डंड मोरू १० भये

२४) कोमा सो डंड तिरेको र कैदमा निज बहादुर कैद भयाको हुनाले र लेषियाको वेहोरासंग

२५) ज्यान समवंडीको बातलागि नठहरि जित्ये वापत ज्यानमाराको २८।३१ लंबरका ऐन

२६) ले छविलाल षत्रि मंधरा छेत्रेनि येकै घरको जहान हुनाले निज मंधरा लाईनला

२७) ग्ने भयेको हुनाले सोही ज्यान्माराको ३५ लंम्बर-का अैनले तिमि २ जनालाई जन्ही रू.

२८) २।। का दर्ले लानको जितायरि रू. ५ र टिकट दस्तुर रु. ९।– जम्मा मोहरू ५९ येही भाद्र व

२९) दि ११ रोज ७ मा तिमिहरूले बुझाउदा बुझिलिई सुब्बा गगाधर षन्याल्व डिठ्ठा बलभद्र छ

३०) स्कुलि डिठ्ठा ईश्वरीप्रसाद पाध्या मार्फत साविक वाला तहविल्दार मोतिलालबाट हा

३१) लवाला तहविल्दार रूद्रलाल उप्रेति जिम्मा सोही राजधानि फौजदारी अदालत इटाचपलि

३२) का तहविल दाषिल भयाको हुनाले तस्को सोही राजधानि फौज्दारी अदालत इटाचपलि

३३) मार्फत, जितापत्रको सन्द गरीवक्स्यौ इतिसंवत् १९५९ सालमिति भाद्र सुदि ३ रो

३४) ज ६ शुभम्–

मूल पाठको अध्ययनबाट बुझिन्छ कि गलकोटका अम्बान क्षेत्रीनी नामक विधवा आईमाईले कुनै अन्जान व्यक्तिको संसर्गबाट ५५ साल आषाढमा एक बच्चा जन्माई त्यसको हत्या गरेको र सो जानीजानी छविलाल क्षेत्री, मधरा क्षेत्रीनी, प्रशुराम कुंवर, अम्बान क्षेत्रीनी र प्रसैबहादुर समेतले दबाई लुकाइराखेको कुरा सोही गाउँ बस्ने मुनराम जैसीबाट सुनेको भनी गलकोट सहेला बस्ने बहादुर कुंवरले उजूर गरेकोमा उजूर बमोजिम केही गरेको र भएको छैन भन्ने मंधरा क्षेत्रीनी र प्रसैं बहादुर कुंवर लगायत अन्य सबैको प्रतिवादी मुचुल्का अनुसार छानवीन हुँदा निज बहादुर कुँवरले पोलेको झूटो ठहरी प्रतिवादीहरू जितेको हुँदा झूटा पोलाहा ठहरेको र जित्नेहरूलाई ज्यानमार का २८।३१।३४ र ३५ नम्बरका ऐन बमोजिम क्रमशः कैद महीना १।१५ दिन र १०।। रु. जरिवाना र जितावरी वापत जनही रु २।। र टिकट दस्तुर ९। लगाइएको थियो । सो जितावरी दस्तुर छविलाल र मन्धराले इटाचपली अड्डाका सुब्बा र डिठ्ठाहरू मार्फत तहविलदारको जिम्मामा तहवील दाषिला गरेको हुनाले यी २ का नाममा १९५९ भाद्र शुदि ३ रोज ६ मा यो जितापत्रको सनद गरिदिएको व्यहोरा छ ।

यस सनद अनुसार मुद्दा फैसलामा ज्यानमाराको २८।३१ नम्बरको ऐन बमोजिम ज्यानमारा दबाएको अभियोगमा तालुकदार मुखिया छविलाललाई ६ महीना कैद र रैती प्रशुरामबहादुर षत्रीलाई रु. ४० जरिवाना र मंधरा क्षेत्रीनी छविलालका जहान भएको हुँदा दण्ड भोग्नु नपर्ने निर्णय गरिएको छ । जसबाट रैती र तालुक-दारलाई फरक फरक दण्ड दिने चलन रहेको र अपराधी दबाईराखेको सन्दर्भमा घरमूलिलाई मात्र दण्ड हुने व्यवस्था रहेको बुझिन्छ । यी दण्डहरूमा पनि अपराधी साबित नभएको हुँदा उनीहरू दण्ड मुक्त भएको र उजुरी गलत साबित भएको हुँदा उनीहरूले पाउने



चन्द्र शम्शेरको प्रधानमन्त्रित्वकालको एक सनद

सजायँको ४ खण्डको एक खण्ड कैद महीना १।१५ दिन र रु. १०।– जरिवाना पोलाहा बहादुर कुँवरले तिर्नुपर्ने निर्णय गरेका छन् ।

उल्लिखित निर्णय र कार्यवाहीहरू वि. सं. १९१० को मुलुकी ऐनको (सं प्र. श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, २०२२, काठमाडौं, पृ. २८७–२९०) आधारमा गरिएको छ । जुन मुलुकी ऐन नेपालको इतिहासमा प्रथम कानूनी किताब एवं राणा शासनको एक महान उपलब्धि (Regmi, M. C., 1975, Kirtipur, Nepal, P. 110) हो । हुन त यस ऐनको उद्देश्य न्यायिक समानता ल्याउने भन्ने छ, तापनि ऐनले परम्परागत धर्म, संस्कार, संस्कृति र नियमहरू–लाई जगेर्ना गरी कानूनी एकतामा आबद्ध गर्ने प्रयास गरेको हुँदा जातीय विभेदलाई कडा रूपमा पालना गरेको छ । एकै अपराधमा पनि जात र लिङ्ग अनुसार फरक फरक सजायँ दिने व्यवस्था यस ऐनले गरेको छ । जुन कुरालाई आजको नेपालले कानूनी समानताको रूप-मा लिइँदैन । यति हुँदाहुँदै पनि यो ऐनले तत्कालीन समाज र प्रशासनमा ठूलो महत्व राख्दछ । एक त यो नेपाल अधिराज्यको लागि बनेको प्रथम लिखित ऐन हो भने अर्कोतर्फ यो नै हाम्रो कानूनी एकताका सूत्र बन्न पुगेको थियो । यो ऐन बन्नु भन्दा अघि स्थान र जाति विशेषको समस्या समाधानार्थ कुनै नियम बनाई जाहेर गरिन्थ्यो (नेपाली, २०३५ साल, काठमाडौं, पृ. १४४–१४५) । यो ऐन तयार गर्ने २१९ व्यक्तिहरू ४ वर्षसम्म कार्यरत् रहेका थिए (Vaidya & Manandhar, 1985, Kathmandu, P. 193) । सो ऐन नेपालमा प्राचीनकालदेखि समय समयमा लागू गरिएका विभिन्न नियम कानूनहरूको परिमार्जित र संग्रहित रूप मात्र सकिन्छ । प्राचीनकालीन नियमानुसार प्रत्यक्षदर्शीले घटनाको बारेमा कुनै कुरा नलुकाई सत्य बयान दिनु पर्छ भन्ने (Vaidya & Manandhar, Op. cit. P. 27) कुरालाई यस ऐनले पनि स्वीकार-रेको छ । यस्तै यस ऐनको विविध पक्षलाई अध्ययन गरेको खण्डमा यो ऐन लागू गर्नुभन्दा अघि प्रयोगमा ल्याइएका अर्थात् भीमसेन थापाको मुख्तियारीकालमा बनेका नियम (मानन्धर, पूर्ववत् पृ. १८) र सो ऐनमा केही अन्तर मात्र रहेको नभई यसमा केही उदारता पनि ल्याइएको देखिन्छ । पहिलेका नियमले कतिपय अपराध–मा अङ्गभङ्ग जस्ता कठोर सजायँहरू दिने गरेको थियो । तर यस ऐनले त्यसको बदलामा कैद मात्र गर्ने व्यवस्था गरेको देखिन्छ (Adhikari, 1976, Kirtipur-Nepal, pp 105-116) । यसरी यो ऐन प्राचीन नियमहरूको परिमार्जित र एकीकृत स्वरूप मात्र नभई उदारतम रूप पनि मान्न सकिन्छ जुन कि अनेक संशो-धनका साथ हालको मुलुकी ऐनको रूपमा (खनाल, २०३५, काठमाडौं, पृ. २२–२३) खडा भएको छ । हालको मुलुकी ऐनमा सन् १९१० को मुलुकी ऐनका कतिपय कुराहरू संशोधन भई फरक भइसकेका छन् तापनि यस लेखमा प्रस्तुत सनद पत्रमा उल्लेख भएको ज्यानमारा लुकाई राख्ने अपराधसम्बन्धी जुन दण्ड सजायँको व्यवस्था भएको छ त्यसलाई नयाँ धारा र नयाँ शीर्षकहरू अन्तर्गत राखी सोही कुरालाई विश्लेषण र व्याख्या गरिएको पाइन्छ । जस्तै, अपराधी दबाए वा हत्यारा लुकाउने प्रयास गरेको खण्डमा १९१० सन्को मुलुकी ऐनको ज्यानमाराको २८।३१।३४ नम्बरका ऐन अनुसार बात लाग्ने र दण्ड गरिने एवं पोलेको साबित नभए पोलाहालाई दण्ड हुने व्यवस्था गरेको छ भने हाल-को मुलुकी ऐन ज्यानसम्बन्धी २१, २३, २४, २५, र २६ नम्बरका ऐन बमोजिम बात लाग्ने र सार्वजनिक कर्तव्य ऐनको आधारमा दण्ड दिने एवं एकै घरको जहान-ले यस्तो देखे जानेर दबाइराखेकोमा त्यस घरका घर–मूलीलाई मात्र दण्ड हुने, प्रमाण ऐन, २०३१ को दफा ४० बमोजिम अपराधी नातेदार भएको खण्डमा अपराधी लाई दबाई राखे पनि बात नलाग्ने आदि कुरा (आचार्य तथा प्रधानाङ्ग, २०४१ काठमाडौं, पृ. ७३–७६) समान रहेको पाइन्छ । यसरी दण्ड र जरिवानाको परिमाण समान नभए पनि यो सनद तयार भएको समयको ज्यानमारासम्बन्धी न्यायिक व्यवस्था र हालको व्यवस्था मा निकै समान रहेको पाइन्छ ।

सन्दर्भ सामग्रीहरू

1) Adhikari, Krishna Kanta, 1976, "Criminal Cases and Their Punishment before and

during the period of Jung Bahadur". *Contributions to Nepalese Studies*, Vol. 3, No. 1, January 1976, Nepal, Institute of Nepal & Asian Studies.

२) आचार्य, माधवप्रसाद तथा प्रधानाङ्ग, रणजित मल्ल, २०४१ वि सं., **ज्यानसम्बन्धी अपराधको परिचय**, काठमाडौं, पाठ्यपुस्तक प्रकाशन कम्पनी प्रा. लि.

3) Gimelette, G. H. D., 1928, *Nepal & the Nepalese*, London, H. F. G. Witherby.

4) Hodgson, Brian Houglton, 1890, *Miscellaneous Essays Relating to Indian Subjects*, Vol. II, London, Trubane & Co, Ludate Hill.

5) Jain, M. S., 1972. *Emergence of a New Aristocracy in Nepal (1837-58)*. Agra, Sri Ram Mehra & Co. Publishers.

६) खनाल, रेवतीरमण, २०३५ साल, **मुलुकी ऐन केही विवेचना**, काठमाडौं, साझा प्रकाशन.

7) London, Perceval, 1976, *Nepal*, Vol II, Kathmandu, Ratna Pustak Bhandar.

८) मानन्धर, त्रिरत्न, १९८३, "जङ्गबहादुरको प्रधान मन्त्रित्वकालका केही कागजपत्रहरू" **Rolamba**, Vol 3, No. 2, April-June 1983, Lagankhel, Joshi Research Institute

९) नेपाली, चित्तरंजन, २०३५ साल, **भीमसेन थापा र तत्कालीन नेपाल**, काठमाडौं, रत्नपुस्तक भण्डार

10) Regmi, M. C., 1975, "Preliminary notes on the nature of Rana Law & Government" *Contributions to Nepalese Studies*, Vol. 2, No. 2, June 1975, Nepal, The Institute of Nepal & Asian Studies.

११) श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय; २०२२ साल, **श्री ५ सुरेन्द्र विक्रम शाहदेवको शासनकालमा बनेको मुलुकी ऐन**, काठमाडौं।

12) Vaidya, Tulsi Ram & Manandhar, Tri Ratna, 1985, *Crime & Punishment in Nepal*, Kathmandu, Bina Vaidya & Purna D. Manandhar.

१३) यादव, पिताम्बरलाल, २०४०, **नेपालको राजनैतिक इतिहास**, राजविराज, महन्थी यादव

फर्पिङ्गको हरिशंकर यात्रा

—उद्धव आचार्य

हरिशङ्कर यात्रा : एक झलक

हरिशङ्कर यात्रा नेपालको एउटा उल्लेखनीय यात्रा हो । यस यात्रामा शिखरनारायणलाई हरि र गोपाले-श्वरलाई शङ्करको रूपमा मानिन्छ । फर्पिङ्गको हरि-शङ्कर यात्रा र भक्तपुरको विस्केट यात्रा हेरेको छ छैन भन्ने विषयमा मृत्यु पश्चात यमराजले पनि प्रश्न गर्दछन् भनेर विश्वास गरिन्छ । यसबाट फर्पिङ्गको हरिशङ्कर यात्राको ठूलो महत्व एवं प्रसिद्धि रहेको थाहा पाइन्छ ।

यो यात्रा प्रत्येक वर्ष भाद्र शुक्ल पूर्णिमाको रात-देखि गणना गरी बाह्रौं रातमा फर्पिङ्गमा सम्पन्न गरिन्छ तर यात्राको लागि गर्नुपर्ने विधिविधान आदि कार्य भने भाद्र शुक्ल तृतीयाको दिनदेखि नै शुरु गरिन्छ । यात्राको समाप्ति भने आश्विन शुक्ल प्रतिपदाका दिन गोपालेश्वरको यात्रा गर्ने मूर्तिलाई गोपालेश्वरको मन्दिर-बाट देवताको घर (आगम छें) मा ल्याएर राखेपछि हुन्छ ।

यस यात्रामा शिखरेश्वर, गोपालेश्वर, नन्दि-केश्वर, अघोरेश्वर, कनकेश्वर, तिलविक्रमेश्वर र सिद्धिगणेश्वरको ७ वटा खटहरू बोकिन्छन् । खटहरू एकै प्रकारका हुन्छन् । खट अड्याउनको लागि खटको दुवै-तर्फ करीब ५ फीट लामा र २ फीट चौडा ठूला ठूला काठ राखिएका हुन्छन् । त्यसमाथि करीब ५।५ फीट लम्बाइ चौडाइ भएका काठका फल्याकहरू ओछ्याइएका हुन्छन्। खटको ४ सुरमा ४ फीट जति अग्ला काठका थाम-हरू राखेर तल्ले शैलीको छाना बनाइन्छ । छानामा गजुर पनि राखिन्छ । खटको छानामा रङ्गीविरङ्गी कपडाहरू टांगेर छत्र पनि राखिन्छ । सबै खटमा सम्बद्ध देवताका मुखलिङ्ग शैलीका मूर्तिहरू स्थापना गरिएको हुन्छ । यस यात्रामा बोकिने खटहरू नेपालका सबभन्दा ठूला खटहरू हुन् । यति ठूला खटहरू अन्त कतै पनि देखिएको छैन । यस यात्राको प्रत्येक खट बोक्न कम्तीमा पनि ५० जवान मानिसको आवश्यकता पर्दछ ।

हरिहर सम्प्रदाय र नेपाल

फर्पिङ्गको हरिशङ्कर यात्राको सम्बन्धमा चर्चा गर्दा हरिहर सम्प्रदायबारे चर्चा गर्नु पनि प्रासङ्गिक नै हुनेछ । हरिहर सम्प्रदायमा हरि (विष्णु) र हर (शिव) लाई एक सूत्रमा बाँधिएको हुन्छ । हरिवंश पुराणमा विष्णु र शिवलाई एउटै मानिएको छ ।[1] ब्रह्मवैवर्त पुराणमा श्रीकृष्ण र शिव एक आपसमा लीन भएको

१. लैनसिंह बाङ्देल– **नेपाली प्राचीन मूर्तिकलाको इतिहास**, प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं २०३९) पृष्ठ १२७

उल्लेख छ ।[2] वामन पुराण र मत्स्य पुराणमा शिव र विष्णुको संयुक्त मूर्तिको पूर्ण विवरण दिइएको छ ।

हरिहर सम्प्रदायको राम्रो उदाहरण हरिहरका मूर्तिहरूबाट पनि पाइन्छ । भारतको मथुरा नजीकै गिरी धरपुरमा प्राप्त हरिहरका मूर्तिहरूलाई श्री लैनसिंह वाङ्देलज्यूले हरिहरका प्राचीन मूर्ति मान्नु भएको छ ।[3]

ब्रह्मवैवर्त पुराणमा उल्लेखित श्रीकृष्ण र शिवको एकापसको लीनको कथालाई फर्पिङ्गको हरिशङ्कर यात्राको उत्पत्तिसंग सम्बद्ध मानिएको छ । यसबाट नेपालमा पनि प्राचीनकालदेखि नै हरिहर सम्प्रदायको राम्रो विकास भएको देखिन्छ । डा. जगदीशचन्द्र रेग्मीज्यूले हरिहर सम्प्रदायको उत्पत्ति र विकास सर्वप्रथम नेपालमा भएको मान्नु भएको छ ।[4] नेपाल महात्म्यमा हरि र हरमा भेद राख्ने मानिसलाई अधम पाखण्डी एवं वेद बाहिरको भनिएको छ ।[5] पुरातात्त्विक प्रमाणबाट पनि नेपालमा ईस्वी तेस्रो शताब्दीदेखि नै हरिहर सम्प्रदायको विकास भएको देखिन्छ । पाटन सौगल टोलको हरिहरको मूर्तिलाई श्री वाङ्देलज्यूले ईस्वी तेस्रो शताब्दीताकाको मान्नु भएको छ । स्वामी वार्तको पशुपति देउपाटनको सम्वत ४८७ को अभिलेखमा शंकर नारायणको मूर्ति स्थापना गरेको उल्लेख छ ।[7] अंशुवर्माको पाटन नःवहिलको अभिलेखमा शङ्करनारायणको मन्दिर जीर्णोद्धार गरेको उल्लेख छ ।[8] मध्यकालमा पनि धर्म मल्लको एउटा अभिलेखमा शङ्करनारायणको स्तुति उत्कीर्ण छ ।[9] जुम्लाका राजा पृथ्वी मल्लको वि. सं. १४१५ को ताम्रपत्रमा पनि हरिशङ्करी यात्राको उल्लेख छ ।[10] यसै गरी नवलपरासीको भैंसालोटनमा हरिहरको एउटा प्राचीन मूर्ति पाइएको छ । यी कुराहरूले प्राचीनकालदेखि नै नेपालको धार्मिक जीवनमा हरिहर संप्रदायको लोकप्रियता रहँदै आएको कुरा स्पष्ट हुन्छ ।

नेपालमा यात्रा परम्परा

अभिलेखीय स्रोतबाट नेपालमा यात्राको पहिलो उल्लेख शिवदेव प्रथम र अंशुवर्माको खोपासीको सम्वत ५२० को अभिलेखमा पाइन्छ ।[11] उक्त अभिलेखमा द्वारोदघाटन यात्रा र "कैलाश यात्रा" को उल्लेख छ ।

---

२. श्रीराम शर्मा आचार्य [सं]- **ब्रम्हवैवर्त पुराण**, प्रथम संस्करण (मथुरा : सांस्कृतिक संस्थान, सन् १९७०) पृष्ठ ४४५-४६३

३. वाङदेल, उही नं (१), पृष्ठ १२७

४. जगदीशचन्द्र रेग्मी- **नेपालको धार्मिक इतिहास**, प्रथम संस्करण (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं: २०३०) पृष्ठ ५६

५. मुक्तिनाथ खनाल (अनु.)- **नेपाल महात्म्य**, प्रथम संस्करण (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२८) पृष्ठ ११८

६. वाङदेल, उही, नं. (१) १२९

७. धनवज्र वज्राचार्य- **लिच्छविकालका अभिलेख**, (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि: स. २०३०), पृष्ठ १९८-९९

८. त्यही, पृष्ठ ३४६

९. हरिराम जोशी- **हिन्दू देवी देवता**, प्रथम संस्करण (काठमाडौं : सूचना विभाग, वि. स. २०४०) पृष्ठ ८९

१०. भीमप्रसाद श्रेष्ठ (सं.)- **कर्णाली प्रदेश एक विटो अध्ययन**, प्रथम संस्करण, (जुम्ला : सामाजिक अध्ययन समुदाय, वि सं. २०२८) परिशिष्ट खण्ड, पृष्ठ ९

११. बज्राचार्य, उही नं (७) पृष्ठ २७४

धनवज्र बज्राचार्यज्यूले द्वारोद्घाटन यात्रालाई पशुपति-नाथको द्वारसंग र कैलाश यात्रालाई पशुपतिको कैलाश थुम्कोसंग सम्बन्धित मान्नु भएको छ ।[12] श्री गोविन्द टण्डनज्यूले भने द्वारोद्घाटन यात्रालाई कैलाशकुट भवन-को समुद्घाटनको अवसरमा गरिएको यात्रा मान्नु भएको छ ।[13] नरेन्द्र देवको अनन्तलिंगेश्वर अभिलेखमा वराह यात्राको उल्लेख छ ।[14] शिवदेव द्वितीयको संवत् १२९ को बलम्बु अभिलेखमा युतीनारायणको कारण पूजा गरी बचेको पैसाले प्रति वर्ष पशुपतिलाई सुन्दर छत्र चढाई त्यसको उपलक्ष्यमा यात्रा गर्ने कुराको उल्लेख छ ।[15] यसै गरी पाटनको रातो मत्स्येन्द्रनाथको जात्रा-लाई लिच्छवि राजा नरेन्द्रदेवसंग सम्बन्धित मानिन्छ ।[16] मध्यकालमा आएपछि त थुप्रै यात्राहरू प्रचलनमा ल्याइयो । त्यसमध्ये कतिपय यात्राहरू अस्तित्वमा छँदैछन् । नेपालमा यी विभिन्न देवी देवताका यात्राहरू-को इतिहासमा पनि फर्पिङ्गको हरिशङ्कर यात्राले सर्व प्राचीन स्थान ओगटेको छ।

फर्पिङ्ग हरिशङ्कर यात्राको उद्भव

ब्रह्मवैवर्त पुराणमा श्रीकृष्णका नाति अनिरुद्धले वाणासुरकी छोरी उषालाई हरण गरेकोले वाणासुर र श्रीकृष्णको युद्ध भएको, वाणासुरलाई युद्धमा शिवजीले सहयोग गरेको, कृष्णले सुदर्शन चक्र भेदन गर्दा वाणा-सुरको मृत्यु हुने भएकोले शिवजीले वाणासुरलाई श्री-कृष्णको शरण पठाएको र त्यसपछि श्रीकृष्ण एवं शिव एकापसमा लीन भएको उल्लेख परेको छ ।[17] हिमवत खण्ड पुराण,[18] नेपाल महात्म्य आदिमा चाहिं कृष्णका छोरा प्रद्युम्नले वाणासुरकी छोरी प्रभावतीलाई विवाह गरेको उल्लेख छ ।[19]

फर्पिङ्गमा गोरखनाथको गुफादेखि उत्तर पश्चिम-मा प्राचीन खण्डहर भएको एउटा ठाउँ छ, जसलाई फर्पिङ्गका निवासीहरू वाणासुरको दरबारको अवशेष मान्दछन् । फर्पिङ्गका बूढापाकाहरूमा हरिशङ्कर यात्राको शुरुआत वाणासुरका पालादेखि भएको विश्वास पाइन्छ । पहिले पहिले हरिशङ्कर यात्रामा गोरखनाथको गुफामा गएर ३६० पटक भांडी (एक प्रकारको बाजा) बजाए-पछि ९०० जना राक्षस (असुर) हरू आएर खट बोकी दिन्थे भन्ने अनुश्रुति छ । फर्पिङ्गको हरिशङ्कर यात्रा उत्पत्तिसम्बन्धी यस कथाले नेपालमा आर्य र अनार्य धर्म एवं संस्कृतिको समन्वयलाई इङ्गित गरेको देखिन्छ ।

वाणासुर एवं राक्षसहरू अघिदेखि नै यहाँ बसो-बास गरिआएका अनार्यहरू देखिन्छन् । शिव वैदिक देवता नभई अवैदिक अनार्य देवता हुन्, जसलाई यहाँका वाणासुर आदि राक्षसहरूले आफ्ना इष्ट देवताको रूपमा पुज्दथे । कालान्तरमा यहाँ आर्यहरूको पनि आगमन

१२. त्यही, पृष्ठ २७७

१३. गोविन्द टण्डन- "कैलाशकुट भवन एक अध्ययन" **नेपलिज कल्चर**, एच. एन. झा (सं.) भोलम १ (वि. सं. २०३६) पृष्ठ १४

१४. बज्राचार्य, उही नं (७), पृष्ठ ४८६

१५. त्यही, पृष्ठ ५३१

१६. सत्यमोहन जोशी- **नेपाली चाडपर्व**, प्रथम संस्करण (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०३९) पृष्ठ ८२

१७. आचार्य, उही नं. (२), पृष्ठ ४४५-४६३

१८ इत्यादि विविधं वाक्यमुक्त्वा माधव बालक:
उपयेमे विवाहेन गान्धर्वेण प्रभावती
-हिमवत् खण्ड पुराण ९।६६

१९. खनाल, उही नं. (५), पृष्ठ ९७

भएकोले आर्य र अनार्यहरूका बीचमा संघर्ष भएको र अन्त्यमा आर्य र अनार्य यी दुवै पक्षले वैवाहिक सम्बन्ध-द्वारा संझौता गरेको बुझिन्छ। आर्य र अनार्यका बीच समन्वय भएपछि त्यसको प्रतीकस्वरूप आर्यहरूको आराध्यदेव हरि अथवा विष्णु र अनार्यहरूको आराध्य देव शङ्कर अथवा रुद्रलाई एकाकारमा मिलाएर हरिहर को रूपमा पूजा गरी यसको उपलक्ष्यमा हरिशङ्करको यात्रा गरी उत्सव मनाएको बुझिन्छ। यसरी फर्पिङ्गको हरिशङ्कर यात्रा नेपालको सर्वप्राचीन यात्रा हो भन्ने बुझिन्छ।

अभिलेखीय प्रमाणबाट पनि फर्पिङ्गको हरिशङ्कर यात्रा नेपालको हरिशङ्कर यात्रामा सबैभन्दा जेठो देखिन्छ, किनभने वि. सं. १२९७ (ने. सं. ३६०) मा फर्पिङ्ग टिपि टोलका दगो भारोले कनकेश्वरको खटका ढोकाहरू फेरेर मुकुट चढाएको कुरा कनकेश्वरको मुकुट-मा अङ्कित अभिलेखबाट स्पष्ट हुन्छ। [20]

जयस्थिति मल्लको पालामा हरिशङ्कर यात्राको उपलक्ष्यमा फर्पिङ्गमा नचाएको रामायण नाटकबाट उक्त यात्रा ठूलो उत्सवका साथ मनाइन्थ्यो र यात्रा हेर्न ठाउँ ठाउँबाट सभासद्हरू उपस्थित हुन्थे भन्ने थाहा पाइन्छ [21] जसबाट हरिशङ्कर यात्राको प्रसिद्धि स्पष्टिन्छ।

हरिशङ्कर यात्रामा बोकिने खटहरू

१. गोपालेश्वर

गोपालेश्वरको मन्दिर दक्षिणकाली गा प. वडा नं. ५ मा पर्दछ। हरिशङ्कर यात्रामा सबभन्दा पहिले गोपालेश्वरकै खट बाँधिन्छ। भाद्र शुक्ल त्रयोदशीका दिन गोपालेश्वरको खटयात्रा गर्ने चतुर्मूर्तिलाई कोटाल टोलस्थित देवताको घर (आगम छें) बाट निकालेर गोड गणेश स्थानमा राखी पूजाआजा गरी रातभरि त्यहीं राखिन्छ। भोलिपल्ट पुनः देवताकै घरमा लगी होम यज्ञ गरी पुछा पूजा गरिन्छ। गोपालेश्वरको खट बोक्ने प्रत्येक दिन पुछा पूजा गर्नु पर्दछ। होम यज्ञ गर्दा गोपालेश्वरको पुजारीले पूजा सामान ल्याउने शिखरनारायणको पुजारी पुरोहित बन्ने तथा ठकुर जुगु (मल्लकालीन फर्पिङ्गका शासकका सन्तान) यजमान भै कार्य गर्नु पर्दछ।

यसको भोलिपल्ट (भाद्र शुक्ल पूर्णिमाका दिन) कोटाल टोलमा गोपालेश्वरको यात्राको लागि खट बाँधिन्छ र गोपालेश्वरको खटयात्रा गर्ने चतुर्मूर्तिलाई देवताको घरबाट निकाली खटमा राखी गोपालेश्वरको कुण्डबाट ल्याएको जीवघटको जलले उक्त मूर्तिलाई स्नान गराइन्छ। गोपालेश्वरको यात्रा गराउने चतुर्मूर्तिमा पूर्व-मा गोपालेश्वर, पश्चिममा महेश्वरी, उत्तरमा हरि-शङ्कर र दक्षिणमा भैरव अङ्कित गरिएको छ।

२. शिखरनारायण

शिखरनारायणको मन्दिर शेषनारायण गाउँ पञ्चायत वडा नं ४ मा अवस्थित छ। आश्विन कृष्ण चौथीका दिन शिखरनारायणको खट यात्रा गर्ने चतुर्मूर्ति-लाई पालो पर्ने विसेटको घरबाट शिखरनारायण मन्दिर नजीकको वासुकी कुण्डमा स्नान गराई शिखरनारायण मन्दिरभित्र लगी नारायणको मूर्तिमाथि राखिन्छ र पूजा गरी मूर्ति निकाली विसेटले उक्त मूर्ति बोक्दछ र शिखरनारायणका पुजारी वासुकी कुण्डको पानी घडामा भरी संगै लाग्दछन्। थथेप टोलमा यसै दिन शिखरनारा-यणको खट बाँधी तयार पारिएको हुन्छ। शिखरनारायण-को यात्रा गर्ने चतुर्मूर्तिलाई उक्त खटमा राखेपछि शिखर नारायणको पुजारीले जीवघटको जलले स्नान गराउँ-छन्। शिखरनारायणको खट यात्रा गर्ने चतुर्मूर्तिको पूर्वमा वैकुण्ठनारायण, पश्चिममा हरिशङ्कर, उत्तरमा नृसिंहनारायण र दक्षिणमा यस वराहको मूर्ति अङ्कित गरिएको छ।

३. नन्दिकेश्वर

नन्दिकेश्वरको मन्दिर शिखरनारायण गा. पं. वडा नं. १ यत्खु टोलमा रहेकोमा मन्दिर भत्किएकाले

२०. उद्धव आचार्य– 'फर्पिङ्गको ऐतिहासिक परिचय' **प्राचीन नेपाल**, संख्या ९८-९९, फागुन २०४३-जेठ २०४४, पृष्ठ १४

२१. महेशराज पन्त - 'चाडपर्व जात्रा मात्रामा खेलाइएका नेपालमा बनाइएका केही संस्कृत नाटक" **पूर्णिमा**, पूर्णाङ्क ३६, (वि. सं. २०३४) पृष्ठ २९६-९७

शिवलिङ्गलाई पिपलको टोड्कामा राखिएको छ। आश्विन कृष्ण चौथीका दिन पालो परेको बिसेटको घरबाट जात्रा गर्ने चतुर्मूर्ति निकाली यसै दिन थल्खु टोलमा बाँधिएको खटमा राखिन्छ र बिसेटले इन्द्रायणी पीठ (फर्पिङ्ग बजार दक्षिण) बाट ल्याएको जीवघटको जलले उक्त चतुर्मूर्तिलाई स्नान गराउँछन्। खटयात्रा गर्ने चतुर्मूर्तिको पूर्वमा नन्दिकेश्वर, पश्चिममा इन्द्रायणी, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरव अङ्कित गरिएको छ।

४. अघोरेश्वर

अघोरेश्वरको मन्दिर दक्षिणकाली गाउँ पञ्चायत वडा नं. ४ थल्खु टोलमा छ। पुरानो तल्ले शैलीको राम्रो मन्दिर भत्किएकोले जीर्णोद्धार गरी अहिले एकतले मात्र बनाइएको छ। आश्विन कृष्ण चौथीका दिन पालो परेको बिसेटको घरबाट खट यात्रा गर्ने चतुर्मूर्ति निकाली यसै दिन थल्खु टोलमा बाँधिएको खटमा राखिन्छ र नखु खोला (फर्पिङ्ग बजार दक्षिण) बाट बिसेटले जल निकाली नील वाराहीबाट साधना गरी ल्याएको जीवघटको जलले स्नान गराइन्छ। अघोरेश्वरको खटयात्रा गराउने चतुर्मूर्तिको पूर्वमा अघोरेश्वर, पश्चिममा नील वाराही, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरव अङ्कित गरिएको छ। उक्त मूर्ति सिद्धिनरसिंह मल्लले चढाएको भनी मूर्तिमै लेखिएको छ। पुरानो मूर्ति जीर्ण भएकोले सिद्धिनरसिंह मल्लले यो मूर्ति चढाएको देखिन्छ।

५. कनकेश्वर

कनकेश्वरको मन्दिर दक्षिणकाली गाउँ पञ्चायत वडा नं. ४ टिपों टोल सरस्वती डोलमा थियो भनिन्छ। हाल मन्दिरको नाम निसानासम्म पनि बाँकी छैन। सरस्वती डोलको पोखरी नजिकै शिवलिङ्ग भूईंमा यसै रहेको छ। आश्विन कृष्ण चौथीका दिन कनकेश्वरको खटयात्रा गर्ने चतुर्मूर्ति बिसेटको घरबाट निकाली यसै दिन टिपो टोलमा बाँधिएको खटमा राखिन्छ र दक्षिणकालीबाट साधना गरी ल्याएको जीवघटको जलले स्नान गराइन्छ। खटयात्रा गरिने चतुर्मूर्तिको पूर्वमा कनकेश्वर, पश्चिममा दक्षिणकाली, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरव अङ्कित गरिएको छ।

६. तिलविक्रमेश्वर

दक्षिणकाली गाउँ पञ्चायत वडा नं. २ कोछु टोलमा तिलविक्रमेश्वरको मन्दिर अवस्थित छ। यो मन्दिर जस्ताको छाना भएको मण्डपाकार छ। मन्दिरको गर्भमा शिवलिङ्ग स्थापना गरिएको छ। आश्विन कृष्ण चौथीका दिन तिलविक्रमेश्वरको खटयात्रा गर्ने चतुर्मूर्ति पालो परेको बिसेटको घरबाट निकाली यसै दिन कोछु टोलमा बाँधिएको खटमा राखिन्छ र कुमारी पीठ (दक्षिणकाली मन्दिर पूर्व चौर) बाट साधना गरी ल्याएको जीवघटको जलले स्नान गराइन्छ। खटयात्रा गर्ने चतुर्मूर्तिको पूर्वमा तिलविक्रमेश्वर, पश्चिममा कुमारी, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरव अङ्कित गरिएको छ।

७. सिद्धिगणेश्वर

शेषनारायण गाउँ पञ्चायत वडा नं. २ सार्की टोलको पूर्व सिद्धिगणेश्वरको मन्दिर रहेको छ। पुरानो राम्रो मन्दिर भत्किएकोले हाल पाटी जस्तो बनाइएको छ। आश्विन कृष्ण चौथीका दिन खट यात्रा गर्ने चतुर्मूर्ति पालो परेको बिसेटको घरबाट निकाली यसै दिन कोथेप टोलमा बाँधिएको खटमा राखी शिखरनारायण खोला नजीक महालक्ष्मी मन्दिरबाट साधना गरी ल्याएको जीवघटको जलले स्नान गराइन्छ। सिद्धिगणेश्वरको खट यात्रा गर्ने चतुर्मूर्तिको पूर्वमा सिद्धिगणेश्वर, पश्चिममा महालक्ष्मी, उत्तरमा हरिशङ्कर र दक्षिणमा भैरव अङ्कित गरिएको छ।

खटयात्रा गरिने मार्ग र अन्य विधिहरू

हरिशङ्कर यात्रामा बोकिने सम्पूर्ण खटहरू आश्विन कृष्ण चौथीको दिन तयार भैसक्छ। यसै दिन देखि कुस्ले बाजा तथा घा, धिमे, खि आदि विभिन्न प्रकारका बाजा बजाई यात्रा गराईने सबै खटहरूलाई दायाँ पारेर परिक्रमा गर्दछन्। खटहरूका साथै देवदेवीका मन्दिरहरूमा पनि यसै दिनदेखि बत्ती बाल्ने तथा भजन गाउने कार्य शुरु गरिन्छ।

आश्विन कृष्ण नवमीको बिहान दक्षिणकाली पीठ सरस्वती डोल चाँपको रुखको फेदमा, नील वाराही पीठ पंजल गणेश पोखरी छेउ, माहेश्वरी पीठ गोड गणेश दक्षिण पोखरी छेउ, इन्द्रायणी पीठ यल्खु टोल ढुंगेधारा अगाडि, कुमारी पीठ कोछु टोल तिलविक्रमेश्वर मन्दिरको उत्तर दोबाटोको रुखको फेदमा, महालक्ष्मी पीठ कामी टोल इनाखेलमा रांगो बलि दिई तन्त्रोक्त विधिपूर्वक पूजा र चामुण्डा पीठमा भने विना बलि साधारण पूजा गरिन्छ ।

नवमीको राति १० बजेतिर लुगा तथा गहनाहरू ले खट सिंगारी कुस्ले बाजा तथा धा, धिमे, खि आदि बाजा बजाएर ४।४ वटा चिराग अगाडि लगाई कनकेश्वर, अघोरेश्वर र नन्दिकेश्वरको खट क्रमशः यात्रा गराइन्छ । कनकेश्वरको खट बाजागाजा तथा चिरागसाथ टिपि टोलबाट सोझै कोछु टोलमा ल्याई झंकेश्वरी परिक्रमा गराई यल्खुबाट थल्खु हुँदै टिपि टोलमै ल्याएर राखिन्छ । यात्राको क्रममा नन्दिकेश्वरको खट कसैको घर अगाडि रोकिएमा सो घरमा अनिष्ट हुन्छ भन्ने जनविश्वास छ । अघोरेश्वरको खट थल्खु टोलबाट टिपि टोल कोछु टोल हुँदै झंकेश्वरी परिक्रमा गराई कोतको उत्तर पश्चिम, यल्खु हुँदै थल्खु टोलमै लगेर राखिन्छ । नन्दिकेश्वरको खट यल्खु टोलबाट बोकी कोत पछाडिबाट ल्याई झंकेश्वरी परिक्रमा गराई टिपि टोल थल्खु टोल हुँदै यल्खु टोलमै ल्याएर राखिन्छ । यसरी खट परिक्रमा गराउँदा तीनवटै खट एकै समयमा परिक्रमा गराउन पनि सकिन्छ तर खट ठूला भएकाले मानिसको अभावले गर्दा छुट्टाछुट्टै खटयात्रा गराएको देखिन्छ ।

यसको भोलिपल्ट (दशमीका दिन) बिहान काल भैरव (प्रचण्ड भैरव) को लागि कोटाल टोलको डबलीमा, श्वेत भैरवको लागि कोछु टोल नाउँको घर अगाडि र रक्त भैरवको लागि कोथेप टोलस्थित रक्त भैरव स्थानमा तन्त्रोक्त विधिपूर्वक बलि दिई पूजा गरिन्छ । बलि चढाउँदा काल भैरव (प्रचण्ड भैरव) लाई रांगो र अन्य भैरवलाई बोका बलि चढाइन्छ । पूजा तथा बलिको समाप्तिपछि काल भैरव (प्रचण्ड भैरव) र रक्त भैरवको घ्याम्पो जात्रा गरिन्छ । दुवै भैरवका तामाका घ्याम्पोलाई जाँडले भरिन्छ र बाहिर पट्टि भैरवको मूर्ति राखिन्छ र घ्याम्पोलाई नोल लगाएर खट झैं बोकिन्छ । काल भैरव (प्रचण्ड भैरव) को घ्याम्पो यात्रा कोटाल टोलबाट शुरु गरी कोछु, टिपि, थल्खु, यल्खु, कोत पछाडिबाट थथेप, कोथेप हुँदै कोटाल टोलमै ल्याएर यात्रा विसर्जन गरिन्छ । वि. सं. १८८८ सालमा यो यात्रा हनुमान ढोका राजदरबार समेत पुऱ्याएको र राजेन्द्र विक्रम शाहबाट दर्शन गरिबक्सेको कुरा त्रिरत्न सौन्दर्य गाथामा उल्लेख छ ।[22] उक्त भैरवको घ्याम्पो यात्रा कोथेपबाट शुरू भै कोटाल, कोछु, टिपि, थल्खु, यल्खु, थथेप हुँदै कोथेपमै ल्याई विसर्जन गरिन्छ ।

दशमीको राति १० बजेतिर लुगा तथा गहनाले खट सिंगारी कुस्ले बाजा तथा धा, धिमे, खि आदि बाजा बजाएर ४।४ वटा चिराग बाली सिद्धिगणेश्वर र शिखरेश्वरको खटयात्रा क्रमशः गरिन्छ । खटयात्रा गराउँदा सिद्धिगणेश्वरको खट कोथेप टोलबाट थथेप हुँदै सोझै कोछुटोल लगी झंकेश्वरी परिक्रमा गराई थथेप हुँदै कोथेपमै ल्याएर राखिन्छ । शिखरेश्वरको खट थथेपबाट सोझै कोछु टोल लगी झंकेश्वरी परिक्रमा गराई थथेपमै ल्याएर राखिन्छ ।

यसपछि माद्र शुक्ल पूर्णिमाको बाह्रौं रातमा फर्पिङ्गमा सम्पन्न गरिने खटयात्रा नै हरिशङ्कर यात्रा हो । यो रातको यात्रालाई मूल यात्रा पनि भनिन्छ । टोल टोलका मन्दिर, पाटी, गुणालका साथै घर पसलमा अन्य दिनका अतिरिक्त बालिएका बत्तीहरूले यस रातलाई नै दिन हो कि भन्ने भान पार्दछ । यस रातको यात्रा शुरू गर्नु अघि भूत, प्रेत, पिशाच आदिले यात्रामा विघ्न बाधा नगरुन् भनी पशुपति मृगस्थली गोरक्ष पीठका पीर महन्तद्वारा कोछु टोल तिलविक्रमेश्वरको खट नजीक चक्र पूजा गरिन्छ । चक्र पूजा गर्दा अबिर, केशरो र चामलको पीठोको रेखी हाली त्रिशूल र चक्रको आकार बनाइन्छ र जाँडले भरिएका ९ वटा घ्याम्पाहरू

२२. धनबज्र बज्राचार्य (सं.)– त्रिरत्न सौन्दर्य गाथा, (काठमाडौं : नेपाल सांस्कृतिक परिषद, वि. सं. २०१९) पृष्ठ ५०

राखेर भैरवको आराधना गरी रांगो र कुखुरा बलि दिएर तन्त्रोक्त विधिपूर्वक चक्र पूजा गरिन्छ।[23] काठमाडौं तथा पाटनको मत्स्येन्द्रनाथको रथ यात्रा, भक्तपुरको बिस्केट जात्रा आदि महत्वपूर्ण यात्राहरूमा पनि यस प्रकार चक्र पूजा गर्ने चलन छ।[24]

चक्र पूजा समाप्त भएपछि लुगा तथा गहनाले सजिसजाउ पारिएको तिलविक्रमेश्वरको खट ८ वटा चिराग, कुस्ले बाजा तथा धा, धिमे, खि आदि बाजाका साथ कोटाल टोलबाट बोकी सोझै झंकेश्वरी लगी, झंकेश्वरी परिक्रमा गराएर पुनः कोछु टोलमै लगेर राखिन्छ। यस पछि गोपालेश्वरको खट अगाडि विधिपूर्वक होम यज्ञ गरी पुछा पूजा गरिन्छ। पुछा पूजाको समाप्ति हुनासाथ लुगा गहनाले सिंगारिएको गोपालेश्वरको खट ८ वटा चिराग, कुस्ले बाजा अथवा धा, धिमे, खि आदि बाजाका साथ कोटाल टोलबाट बोकेर झंकेश्वरीको बायाँतर्फ लगेर राखिन्छ। गोपालेश्वरको खट झंकेश्वरी अगाडि डबलीमा रोकिएमा राजालाई अनिष्ट हुन्छ भनी खटको ट्वाकलमा भैरवलाई थुमा बलि दिई शान्ति स्वस्ति गरेर मात्र पुनः खट बोकिन्छ। गोपालेश्वरपछि लुगा गहनाले सिंगारिएको सिद्धिगणेश्वरको खट ८ वटा चिराग, कुस्ले बाजा तथा धिमे, खा, खि आदि बाजाका साथ कोथेप टोलबाट बोकेर थथेप, भीमसेन मन्दिर हुँदै झंकेश्वरी परिक्रमा गराएर टिपि टोलस्थित कनकेश्वरको खटको पूर्वतर्फ लगेर राखिन्छ। अन्त्यमा लुगा तथा गहनाले सिंगारिएको शिखरेश्वरको खट, ८ वटा चिराग, कुस्ले, धा, धिमे, खि आदि बाजाका साथ थथेपबाट बोकेर भीमसेन मन्दिर हुँदै झंकेश्वरी परिक्रमा गराई कोछु टोलस्थित यात्रा साङ्गे गर्ने ठूलो ढुंगा नघाएर राखिन्छ र बिहान भएपछि राति बोकिएका चारै खटमा सिन्दूर यात्रा गरिन्छ। सिन्दूर यात्रा खटका प्रधान नाइकेले गर्नुपर्नेमा सातै खटका प्रधान नाइकेले राजीनामा गरेका र गुठी संस्थानले नयाँ नाईके प्रधानको नियुक्ति नगरेकाले जिम्मावालद्वारा गर्ने गरिएको छ।

द्वादशीका दिन दिउँसो गोपालेश्वरको खट बाहेक अन्य छ वटै खट बोकिन्छन्। यस दिन खट बोक्दा नन्दिकेश्वर, अघोरेश्वर, कनकेश्वर, सिद्धिगणेश्वर, तिलविक्रमेश्वर तथा शिखरेश्वरको खट क्रमशः बोकिन्छ। यी ६ वटा खटहरू यत्खु टोलदेखि कोछु टोलसम्म क्रमशः लहरै रहेका हुन्छन्। यी खटहरू बोकेर यस दिन, टिपि, थत्खु, यत्खु, कोत पछाडिबाट थथेप, कोथेप हुँदै कोटाल टोल, झंकेश्वरीको बायाँ राखिएको गोपालेश्वरको खट पछाडि क्रमशः राखिन्छ। यसरी राख्दा गोपालेश्वरको खट सबैभन्दा अगाडि, बीचमा अरू खटहरू र अन्त्यमा शिखरनारायण को खट कोटाल टोलको शिवलिंग माथि राखिन्छ। यसरी लुगा गहनाले सिंगारिएका ७ वटा खटहरू एकै ठाउँमा राख्दा साह्रै शोभायमान देखिन्छ।

त्रयोदशीका दिन दिउँसो गोपालेश्वरको खट कोटाल टोल झंकेश्वरीबाट बोकेर कोछु, टिपि, थत्खु, यत्खु, कोत पछाडि, थथेप, कोथेप टोल हुँदै गोपालेश्वर लगिन्छ। खट पोडे टोल पुगेपछि गोड गणेशतर्फ लागेमा राजालाई अनिष्ट गर्छ भनी खटको ट्वाकलमा थुमा बलि दिएर स्वस्ति शान्ति गरेर मात्र खट बोकिन्छ। खट गोपालेश्वर मन्दिर पुगेपछि कोटाल टोलमा रहेका अन्य ६ वटै खटहरूबाट यात्रा गर्ने चतुर्मूर्ति निकाली कनकेश्वरको मूर्तिलाई देवताको घर (आगम छें) मा र अन्य मूर्तिहरूलाई सम्बन्धित विसेटको घरमा लगेर राखिन्छ। गोपालेश्वरको मूर्ति भने यस दिन खटबाट निकाली ४ दिनसम्म गोपालेश्वर मन्दिरको गर्भमा रहेको शिला मूर्ति माथि राखी चारौं दिनमा होम, यज्ञ तथा पुछा पूजा कोटाल टोलस्थित देवताको घर (आगम छें) मा लगिन्छ।

हरिशङ्करको १२ वर्षे यात्रा

नेपालमा महत्वपूर्ण यात्राहरूको प्रत्येक १२।१२ वर्षमा विशेष किसिमले यात्रा मनाउने परम्परा छ। हरिशङ्कर यात्रामा पनि प्रत्येक १२

२३. पशुपति मृगस्थली गोरक्ष पीठका पीर महन्त क्षिप्रनाथ योगीका अनुसार

२४. डिल्लीरमण रेग्मी - **मिडियभल नेपाल**, पार्ट II (कलकत्ता : खमु फर्मा के. एलोपाध्याय, इ. १९६५) पृष्ठ ५६७

वर्षमा हरिशङ्कर यात्राको राति थथेपबाट बोकिएको शिखरेश्वर (शिखरनारायण) को खट झंकेश्वरीबाट सोझै गोपालेश्वर मन्दिरमा लगिन्छ। १२ वर्ष पुगेपछि शिखरेश्वर (शिखरनारायण) को खट गोपालेश्वर लैजान नचाहे पनि उचाल्ने बित्तिकै हुत्तिदै गोपालेश्वरतर्फ लाग्दछ भन्ने गुठीयारहरूको भनाइ छ। शिखरेश्वर (शिखरनारायण) को खट गोपालेश्वर पुगेपछि गोपालेश्वरस्थित कुण्डमा स्नान गर्ने मानिसहरूको घुईचो लाग्दछ, जसलाई मेला भनें भनिन्छ। शिखरेश्वर (शिखरनारायण) को खट गोपालेश्वर पुगेपछि सो पछि गरिने अन्य यात्राहरू स्थगित राखिन्छ र सबै खटहरूलाई यथास्थानमा राखी मार्ग कृष्ण अष्टमीसम्म खटमा नै पूजाआजा सम्पन्न गरिन्छ। मार्ग कृष्ण नवमीका दिनदेखि भाद्र कृष्ण नवमीकै दिनदेखि गरिने रीत र परम्परा अनुसार पुनः सबै कार्यहरू गरी यात्रा सम्पन्न गरिन्छ। यसरी जात्रा दोहोरिने परम्परा छ। तर भीमसेन थापाकालीन वि. स. १८८२।८।३०।२ को एउटा कागजबाट आश्विन–कार्तिकमा जात्रा नसिद्धिदा तेस्रो यात्रा गर्नु परेको उल्लेख छ।[25]

हरिशङ्कर यात्राको खर्च व्यवस्था

हरिशङ्कर यात्राको लागि सरकार तथा भक्तजनहरूबाट समय समयमा विभिन्न व्यवस्थाहरू बाँधेर उचित बन्दोवस्त गरेको देखिन्छ। वि. सं. १६६० (ने.स. ७२३) चैत्र शुदि पञ्चमीको एउटा ताडपत्रबाट विष्णुमा समेतले गोपालेश्वरको खटको लागि गुठी राखेको देखिन्छ।[26] वि. सं. १७२० (ने. सं. ७८६) को ताडपत्रबाट फर्पिङ्का प्रयाग मारोले जात्रामा बत्ती बाल्न तथा दान गर्नको लागि खेत गुठी राखि दिएको देखिन्छ।[27] वि. सं. १७६६ (ने. सं. ८२९) को ताम्रपत्रबाट योगनरेन्द्र मल्लले हरिशंकर यात्राको लागि व्यवस्था बाँधी गुठी राखिदिएको र सो व्यवस्थामा कचिङ्गल उठी वीरनरसिंह मल्लले पुनः व्यवस्था बाँधी गुठी राखी ताम्रपत्र गरिदिएका थिए।[28] पुरानो स्थिति कायम रहोस् भनी वि. सं. १८५९ मा गिर्वाणयुद्ध विक्रम शाहले गुठी थामी व्यवस्था बाँधी शिलापत्र राखिदिए।[29] वि. सं. १९७७ मा हरिशंकर यात्राको व्यवस्था खलल हुन नपाओस् भनी खड्ग निसानाबाट गुठी थामिदिएको कुरा गुठी लगतबाट देखिन्छ।[30]

अहिले फर्पिङ्को हरिशंकर यात्रा सञ्चालन गर्नको लागि गुठी संस्थानबाट स्वीकृत भए बमोजिम गुठी खर्च अड्डा ललितपुरबाट ठूला रांगा ७ का लागि प्रति रांगा रु. ४००।– का दरले रु. २,८००।– र चक्र पूजाको लागि सानो रांगो खरिद गर्न रु. २००।–, ६ मुरी सरुवा चामल, द्वादशीका दिन बिहान सिन्दूर यात्राको लागि रु. १०।–, गुणालमा बत्ती बाल्नको लागि ६ पाथी तेल र खट बाँध्नको लागि १५० मुठा डोरी दिने व्यवस्था छ। यात्राको लागि मशाल बाल्न तथा टोल टोलमा पूजा गर्न, बाजा बजाउन आदि कार्यको लागि गुठी जग्गाको व्यवस्था रहेकोमा सो रकम उठ्न निकै गाह्रो परेको छ। गुठी संस्थानले गुठी जग्गा रैकरमा परिणत गरी गुठी संस्थानबाट खर्च व्यहोर्ने व्यवस्था गर्न लागेकाले यसबाट यात्रा सञ्चालनको लागि सहयोग पुग्ने विश्वास गर्न सकिन्छ।

परिशिष्ट १

यो ताडपत्र फर्पिङ्ग थथेप टोल बस्ने गणेशलाल मानन्धरसग छ। ताडपत्रको अभिलेख रहेको भागको

२५. परिशिष्ट ४

२६. परिशिष्ट १

२७. परिशिष्ट २

२८. आचार्य, उही, नं. (२०)

२९. परिशिष्ट ३

३०. गुठी लगत तथा तहविल कार्यालय भद्रकालीमा रहेको दीर्घमानको पालाको नं. ५५१ को शेषनारायणको छूट गुठी अनुसार

लम्बाइ दुई फीट एक इन्च, चौडाइ पौने एक इन्च छ। लिपि नेवारी छ।

१. श्रेयोस्तु सम्वत् ७ दुंतानाथ दाम थोतली टंका द्वय २ थ्वतेया मूल माया कालान्तरन दयाथम तया थस ३ श्रीमत श्री श्री शिवरथ जात्रान गोपालेश्वर यके लिपित धानार्थन मत रूष्टि दत्त दत्तं दूता थुयके छंया थ्वतेया देधिन श्री तन जोति छ भो १ जोगिनी छेयो १ विय वर्ष प्रति निष्ठार याय ग्वष्टित.....

२. तिकाया पूर्व्व दहिह भारो थ्वतेया पाल पर्य्यन्तन मिस्तागारलाय। मोहमभा करसा दे... महापातक लाकजुरो अक्षर श्री श्व श्व देवसा विष्णु भा॥ यितिनछे गोमि नाक्षी जमिराज भारोदृष्ट॥ सम्बत ७२३ चैत शुदि ५॥ वर्ष प्रति हङाया उतोतय॥ शुभ

अनुवाद

कल्याण होस्। सम्वत् ७ मा राखेको दाम थोत लिटका २ यसको सावाँको व्याजले राखेको थस ३ श्रीमत श्री श्री शिवरथ जात्रामा गोपालेश्वरको लागि लिपित थान गर्न मतखष्टि दत्त राखियो। फेरि केछ... ले देधिन श्री तनज्योति ६ भो १ जोगिनी ६ भो १ दिनु। प्रति वर्ष निष्टार गर्नु। ग्वष्टि.....को पूर्व दहिय भारो। यमको पाला पर्यन्त निष्टागार गर्नु। लोभ नगरे देवताको सुदृष्टि गरे महापातक लाग्ला। साक्षी श्री श्व श्व देवताको... विष्णु भा। यितिदछे-को गोमिवाक्षी जमिराज भारो। सम्वत् ७२३ चैत्र शुदि ५। प्रति वर्ष चलाएमा उत्तरोत्तर पुण्य होला। शुभ।

परिशिष्ट २

यो ताडपत्र फर्पिङ्ग थथेप टोल बस्ने गणेशलाल मानन्धरसंग छ। ताडपत्रको अभिलेख रहेको भागको लम्बाइ दुई फीट साढे तीन इंन्च र चौडाइ पौने एक ईन्च छ।

१. ॐ अद्य श्वेत वलाह कल्पे वैवसूत मनोन्तरे कलि प्रथम चरणे भरत खण्डे जाम्बोद्वीपे हिमवत्दक्षिण पादे वासुकि क्षेत्रे पशुपति संनिधान्य वागवत्या पश्चिम कौर श्रीमत श्री श्री शिखरापुरी पत्तने आर्य्यावत्त देशे एहिवस्थाने पुण्य भूमौ॥ श्रेयोऽस्तु॥ सम्बत ७८३ जेष्ट मासे शुक्लपक्षे॥ त्रयोदश्यान्तिथौ॥ अनुरादान क्षेत्रें॥ साध्ययोगे॥ सोमवासरे॥ जथा कलर्ण मुहुत्तके मैथुन राशि गते सबितरी विच्छराशि गते चन्द्रमासे

२. तन्दिने दानपति श्री फन्वबियमलवु क्वथो विज्यापति छेन नियन्ता गृह प्रयाग भारोस स्वहस्तेन स्वविद्य-मानेन स्ववाचापति पत्रेन भूनेन निक्षेप दुन्ता धोन-धुनवुरोवस्व ३ भुय सरिको वाटिका तवपात कर्षनसि २ एतवु वाटिका श्रीमत श्री श्री नन्दिकेश्वरप्रीति नाम्ने संप्रदत्त॥ स्वदत्तं परदत्तंवा हरेत सुर-विप्रयो। विन्तिश्च जायते विज्भू वर्षानाम युतायुतै॥ भाषाथ वु वलसानन थथे वर्षप्रति मला यात्रा न लाछ फूलन वाको डिछय कया स्वचकेम

३ तष्ठातशून्य ... ... छोयके पेन्हुतोफछि चेन्कन दुर्थे जुरो। मत छोयके कुन्हु दानपिन्ते सवुन कुडषु ६ थ्वघडिछि १॥ मूल यात कुन्हु दान पिन्ते वजि कुडषु ३ थ्वघडि १ राकुड १ घासाता १ धरिदंस्व ३ जुरो॥ थ्वन या किर्त्ति गुथि चिनका गुथि भारो जजमान स्वपुत्र जगन्नाथ भारो स्वगवत्र सत्यराम भारो थ्वते गुथि भारोस्न थ्वचोस्यतको वर्ष प्रति सुरिद्धिन चिन्तायाय

अनुवाद

ॐ आज श्वेतवराह कल्पमा वैवस्वत मन्वन्तर-मा कलिको प्रथम पाउमा भरत खण्डमा जाम्बूद्वीपमा हिमालको दक्षिण पाखामा वासुकी क्षत्रमा पशुपतिको नजीकै वागमतीदेखि पश्चिम ओम श्री श्री शिखरापुरी पत्तनमा आर्यावर्त देशमा यस पुण्य भूमिमा कल्याण होस् सम्वत ७८३ ज्येष्ठ महीना शुक्लपक्ष त्रयोदशी तिथिमा अनुराधा नक्षत्र साध्ययोग सोमवारका ठीक मुहूर्तमा मिथुन राशिमा सूर्य वृश्चिक राशिमा चन्द्रमा भएको त्यस दिनमा दानपति फनपि यम-

स्वु क्वथोको विज्यापति छेननिदेखि दक्षिण पट्टिको घरमा बस्ने प्रयाग भारोले आफ्नै हातले आफ्नै अगाडि आफ्नो वचनले निक्षेप दत्त राखियो। धोनषुन खेत रोपनी ३ फेरी सरिको वातिका तवपात कर्ष २ यति खेतवारि श्रीमत श्री श्री नन्दिकेश्वरको प्रीतिको लागि राखियो। आफ्नो दत्त होस् वा अर्काको दत्त होस् जसले हरण गर्ला त्यो लाखौं वर्षसम्म विष्टामा कीरा भै रहला। भाषा यस खेतको आयस्ताले प्रति वर्ष मूल यात्रामा मासु १ सोफो १ माछा २ लिएर हेर्न जाने ६ पाथी तेलले ४ दिनसम्म बत्ती बाल्ने। बत्ती बाल्ने दिन दान गर्ने स्यावजी ६ कुरुवा जाँड घडा १ मूल यात्राको दिद दान दिने च्यूरा ६ कुरुवा जाँड १ घडा मासु ४ पाउ व्यञ्जन १ दही ३। यसबाट बाँकी रहेको गुठीयार भारो जनमानका छोरा जगन्नाथ भारो गोतियार सत्यराम भारो, यी गुठीयार भारोले यसमा लेखे जति प्रति वर्ष चलाउनु।

"प्राचीन नेपाल," संख्या ९८–९९ मा यस लेखकको "फणिङ्गको ऐतिहासिक परिचय" नामक लेखमा केही पाद टिप्पणी सम्पादनमा गल्ती भएकोले यहाँ सच्याइएको छ।

क्र.सं.	पृष्ठ	हरफ		भएको	हुनुपर्ने
१	१५	१२		फणपिगु	फणपिग
२	१५	पाद टिप्पणी नं.	१०	(८)	(६)
३	१५	”	”	१२ (१०)	(८)
४	१५	”	”	१५ (१०)	(८)
५	१७	”	”	२२ (२०)	(१८)
६	१७	”	”	२३ (११)	(९)
७	१७	”	”	२६ (८)	(६)
८	१८	”	”	३२ (८)	(६)
९	१८	”	”	३३ (३३)	(३१)
१०	१८	”	”	३५ (८)	(६)
११	१८	”	”	३६ (३६)	(३४)
१२	१९	”	”	४१ त्यही पृष्ठ २१ बज्राचार्य र श्रेष्ठ, उही नं. (१९) पृष्ठ २१	
१३	१९	हरफ नं.	१४	–	अन्त्यमा नं. ४२
१४	१९	पाद टिप्पणी नं	४३	त्यही, पृष्ठ ३३	बज्राचार्य र श्रेष्ठ उही नं. (१९), पृष्ठ ३३
१५	२०	”	”	४९ २३	२१
१६	२०	”	”	५० ७	५
१७	२०	”	”	५१ ८	६
१८	२०	”	”	५२ (१३)	(११)
१९	२०	”	”	५३ (२०)	(१८)
२०	२१	”	”	५८ (८)	(६)
२१	२१	”	”	५९ त्यही, पृष्ठ २९६	पन्त, उही नं. (३४) पृष्ठ २९६
२२	२१	”	”	६१ (४६)	(४१)
२३	२१	”	”	६४ (४२)	(३९)
२४	२२			अभिलेखको परिशिष्ट ताडपत्र ३ र ४ मा ताम्रपत्र भएको	

फलक १



परिशिष्ट ३

शिखरनारायण मन्दिरको बायाँतिर लहरै ३ वटा शिलापत्र रहेका छन्। तिनमा छेउको शिलापत्र यो हो। शिलापत्र कुँदिएको भागको लम्बाइ २'१" चौडाइ १'८.५" छ।



परिशिष्ट ४

यो कागज फर्पिङ्ग थथेप टोल निवासी गणेशलाल मानन्धरसंग छ ।

ABOUT THE AUTHORS

Mr. Hari Ram Joshi	—Editor-in-chief , **Rolamba**, (Journal of Joshi Research Institute) Nepal.
Mr. Jagadish Chandra Regmi	—Lecturer, Department of Culture, T. U.
Mr. Ramsharan Darnal	—Music Researcher, Royal Nepal Academy, Nepal.
Miss Sushila Manandhar	—Assistant Lecturer, CNAS, T. U.
Mr. Uddhav Acharya	—Lecturer, Department of Culture, Deurali Campus

'प्राचीन नेपाल'का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, नृतत्त्वशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:-

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.